
# लेखापरीक्षण प्रतिवेदन

# बागचौर नगरपालिका, सल्यान

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# बागचौर नगरपालिका, सल्यान

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/676

विषयः **लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुखज्यू,
बागचौर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
सल्यान।

**कैफियतसहितको राय।**

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१४ करोड २९ लाख २ हजार, आन्तरिक मामिला तथा कानुन मन्त्रालयको रु.६७ लाख ६४ हजार र स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकासको रु.३० लाख समेत रु. १५ करोड २६ लाख ६६ हजार समावेश गरेको छैन।

२. पालिकाको रु.१ अर्ब ४८ करोड ८८ लाख ६४ हजारको लेखापरीक्षण गरिएकोमा रू.२ करोड २० लाख ७१ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा प्रतिक्रियाबाट रु.१९ लाख ९६ हजार फर्छयौट भई बाँकी बेरुजु रु.२ करोड ७५ हजारमध्ये प्रमाण कागजात पेस गर्नुपर्ने रू.४० लाख ६७ हजार र नियमित गर्नुपर्ने रु.१ करोड ६० लाख ८ हजार रहेको छ। गत वर्षसम्म रु.२२ करोड १४ लाख २९ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष रु.३ करोड ३७ लाख ३५ हजार फर्स्यौट भई हालसम्मको अद्यावधिक बेरुजु रु.२० करोड ७७ लाख ६९ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको वेहोरा यसैसाथ संलग्न छ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा सबै लेखा टिप्पणीहरु र सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने बागचौर नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी बागचौर नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूतरूपमा गलत आँकडारहित रहेको छ भनीयथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राम प्रकाश महतो )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८२ | ३० | २,२०,७०,७७६ | ० | ९ | १९,९५,७६७ | ० | ८२ | २१ | २,००,७५,००९ | ० | १,६०,०७,५१४ | ४०,६७,४९५ | ० | ० | २,००,७५,००९ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सल्यान | २२,१४,२८,५७४ | ० | ३,३७,३४,७०७ | १८,७६,९३,८६७ | ० | २,००,७५,००९ | २०,७७,६८,८७६ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|
| १ | २०८०/८१ | शिक्षण सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी अनुदान | १६,०५,००० |
| २ | २०८०/८१ | मूल्य अभिवृद्धि कर भुक्तानी | १२,४९१ |
| | | | |

| | | | |
|---|---|---|---|
| ३ | २०८०/८१ | भुक्तानीमा करकट्टी: | ८,३८९ |
| ४ | २०८०/८१ | बढी भुक्तानी | १३,१६७ |
| ५ | २०८०/८१ | प्रशासकीय भवन | ३,५६,७२० |
| ६ | २०७९/८० | लघु उद्यम विकास कार्यक्रम | ७,१४० |
| ७ | २०७९/८० | बढी छात्रवृति निकासा | १४,००० |
| ८ | २०७९/८० | दाखिला प्रमाण पेश | ३,२१८ |
| ९ | २०७९/८० | खर्च व्यवस्थापन | २०,००० |
| १० | २०७९/८० | कार्य सम्पन्न नभएको | १,४६,२०,२८० |
| ११ | २०७७/७८ | वित्तिय विवरण | ५४,८६,००० |
| १२ | २०७७/७८ | बढी निकासा | ४,११,८०० |
| १३ | २०७७/७८ | प्रशासनिक खर्च | ३९,९१७ |
| १४ | २०७७/७८ | पेश्की बाकी | ८०,६८,५०० |
| १५ | २०७७/७८ | नागरिक आवास कार्यक्रम | २९,४०,००० |
| १६ | २०७७/७८ | गुणस्तर परिक्षण | २०,२३,८५२ |
| १७ | २०७७/७८ | कोष खडा | १,००,००० |
| जम्मा | | | ३,५७,३०,४७४ |

# (८०६६०४०२३०० - बागचौर नगरपालिका, सल्यान)

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास सँस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्वेश्य रहेको छ। यस पालिकामा १२ वडा रहेको छ भने क्षेत्रफल १६३.१४ वर्ग किलोमिटर र ३४०२१ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्वेश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्वेश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्वेश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।९।४ देखि २०८१ । ९।९ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय-व्ययतर्फ रु. १ अर्ब ५६ करोड ९५ लाख ८६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.६,६४,८०६।० असुल भइ दाखिला गरेको प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | वडा नं. ३ कार्यालय भवन निर्माणमा बढी भुक्तानी | ४६०० |
| २ | निर्माण व्यवसायीलाई बढी भुक्तानी | ७००० |
| ३ | तालिममा बढी भुक्तानी | ४००० |
| ४ | सामुदायीक सिकाइ केन्द्रलाई बढी भुक्तानी असुली | १६०९० |
| ५ | कार्य सम्पादन प्रोत्साहन अनुदान असुली | ३००० |
| ६ | दिवा खाजा, छात्रवृत्ती, इन्टरनेट, प्रशिक्षक भत्ता बढी भुक्तानी असुली | ४९४५६६ |
| ७ | इन्टरनेट, न्यायिक समिति भत्ता, र बढी भ्रमण भत्ता असुली | ४१५५० |
| ८ | तालिम सहभागी भत्ता असुली | ९०००० |
| ९ | क्षमता विकास तालिममा बिल भन्दा बढी भुक्तानी भएको रकम असुली | ४००० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छन्। पालिकाको वित्तिय प्रतिवेन निम्नानुसार रहेको छ।

| वित्तिय प्रतिवेदन | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१ | | | | | | | | |
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | १०,३८,४८,७६५.४५ | ० | १०,३८,४८,७६५.४५ | ९,१७,५०,६६१.३० | ० | ९,१७,५०,६६१.३० |
| १३००० | अनुदान | | ४१,४७,९८,२३०.६० | ३,४९,७५,१९७.०० | ४४,९७,७३,४२७.६० | ५०,६५,८४,६४०.२० | ९,१३,०१७.०० | ५०,७४,९७,६५७.२० |
| १४००० | अन्य राजस्व | | ५०,२८,६५०.३३ | ० | ५०,२८,६५०.३३ | ४८,७७,१५२.०५ | ० | ४८,७७,१५२.०५ |
| १५००० | विविध प्राप्ति | | ५८,२८०.०० | ० | ५८,२८०.०० | ५,११,९१७.०० | ० | ५,११,९१७.०० |
| क | कुल जम्मा प्राप्ति | | ५२,३७,३३,९२६.३८ | ३,४९,७५,१९७.०० | ५५,८७,०९,१२३.३८ | ६०,३७,२४,३७०.५५ | ९,१३,०१७.०० | ६०,४६,३७,३८७.५५ |
| ३ | चालु | | ४१,९०,७७,१५१.६३ | १,२७,१७,१०२.०० | ४३,१७,९४,२५३.६३ | ४५,५८,३१,६१३.५८ | ९,१३,०१७.०० | ४५,६७,४४,६३०.५८ |
| २१००० | पारिश्रमिक / सुविधा | | १८,३६,८०,९७०.१० | ६३,२५०.०० | १८,३७,४४,२२०.१० | ५,०१,३९,०५७.८८ | ० | ५,०१,३९,०५७.८८ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | १०,९३,२७,७६८.७३ | १,२६,५३,८५२.०० | १२,१९,८१,६२०.७३ | १३,०१,४६,८५३.५० | ९,१३,०१७.०० | १३,१०,५९,८७०.५० |
| २५००० | सहायता (Subsidy) | | ११,२१,८३,४७७.८० | ० | ११,२१,८३,४७७.८० | २३,९५,२६,८७६.२० | ० | २३,९५,२६,८७६.२० |
| २७००० | सामाजिक सुरक्षा | | ८८,४०,९०४.०० | ० | ८८,४०,९०४.०० | ३,२९,९५,२५६.०० | ० | ३,२९,९५,२५६.०० |
| २८००० | अन्य खर्च | | ५०,४४,०३१.०० | ० | ५०,४४,०३१.०० | ३०,२३,५७०.०० | ० | ३०,२३,५७०.०० |
| ४ | पूंजीगत | | १५,२१,२६,९५०.०० | २,२२,५८,०९५.०० | १७,४३,८५,०४५.०० | २२,३२,८०,९३२.०० | ० | २२,३२,८०,९३२.०० |
| ३१११० | भवन तथा संरचना | | ३,९७,५०,६३३.०० | ० | ३,९७,५०,६३३.०० | ६,८४,११,३०६.०० | ० | ६,८४,११,३०६.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ९८,७५,५५९.०० | ० | ९८,७५,५५९.०० | ३,६१,४३,०३६.०० | ० | ३,६१,४३,०३६.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | १३,२१,८०७.०० | ० | १३,२१,८०७.०० | ३७,५०,६३९.०० | ० | ३७,५०,६३९.०० |
| ३११५० | सार्वजनिक निर्माण | | ९,११,५२,६५२.०० | २,२२,५८,०९५.०० | ११,३४,१०,७४७.०० | ११,४३,३३,६३८.०० | ० | ११,४३,३३,६३८.०० |
| ३११६० | निर्मित सरचनाको सुधार खर्च | | ७,१८,०१५.०० | ० | ७,१८,०१५.०० | ६,४२,३१३.०० | ० | ६,४२,३१३.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | | ९३,०८,२८४.०० | ० | ९३,०८,२८४.०० | ० | ० | ० |
| ख) | कुल जम्मा भुक्तानी | | ५७,१२,०४,१०१.६३ | ३,४९,७५,१९७.०० | ६०,६१,७९,२९८.६३ | ६७,९१,१२,५४५.५८ | ९,१३,०१७.०० | ६८,००,२५,५६२.५८ |
| ग) | बचत /कमी (ग = क-ख ) | | (४,७४,७०,१७५.२५) | | (४,७४,७०,१७५.२५) | (७,५३,८८,१७५.०३) | | (७,५३,८८,१७५.०३) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | ५,८९,३७३.७३ | | ५,८९,३७३.७३ | १,१३,६४,६६१.३१ | | १,१३,६४,६६१.३१ |
| घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | (४,६८,८०,८०१.५२) | | (४,६८,८०,८०१.५२) | (६,४०,२३,५१३.७२) | | (६,४०,२३,५१३.७२) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ६,९६,३४,३५८.२३<br>rs: 0.0 | | ६,९६,३४,३५८.२३ | १३,३६,५७,८७१.९५ | | १३,३६,५७,८७१.९५ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | २,२७,५३,५५६.७१ | | २,२७,५३,५५६.७१ | ६,९६,३४,३५८.२३ | | ६,९६,३४,३५८.२३ |

२.१ पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १४२९०१९८६।, आन्तरिक मामिला तथा कानून मन्त्रालय रु.६७६४०००, स्थानियतह प्रशासकिय भवन पूर्वाधार विकास रु.३००००००। समेत रु.१५२६६५९८६। सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

२.२ पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ। पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.६९६३४३५८.२३ मौज्दात रहेकोमा यो वर्ष रु. ६९६३४३५८.२३ जिम्मेवारी सारेको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको रकम नै जिम्मेवारी सारेको छ।

२.३ यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु.१९१४६७४३६.१,यस वर्षको भुक्तानी रु.१९०८७८०७१.४ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | **69634358.23** | **558709123.38** | **606179289.63** | **22753556.71** |
| एकीकृत आर्थिक विवरणअनुसार | **69634358.23** | **750176559.49** | **797057361.01** | **22753556.71** |
| फरक | **0** | **-191467436.1** | **-190878071.4** | **0** |

३ **प्रकोप व्यवस्थापन कोष**

भूकम्प प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि, २०८० को बुँदा नं. ४(१) पहिलो किस्ता रु.२५०००। र बुँदा नु.२ मा अनुसुचि ४ बमोजिमको प्रकृया पुरा गरी दोस्रो किस्ता उपलब्ध गराउने व्यवस्था छ।भुकम्प प्रभावितहरुको छनोट प्रकृयामा अनुसुची २ स्वघोषणा अनुसार बसोबास गर्न अयोग्य भएको ४०० परिवार छनोट भएकोमा १५४ परिवारले प्रथम किस्ता रु.२५०००। का दरले रु.३८५००००। उपलब्ध गराएता पनि दोस्रो किस्ता उपलब्ध गराएको पाइएन ।

### ४ कार्य सञ्चालन तथा अन्य कोष

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम संचालन गर्दा विनियोजन बजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्ने ब्यहोरा उल्लेख गरेपनि यो कार्यालयले यो वर्ष स्थानिय धरौटी खात, विविध खर्च खाता, स्थानिय विविध खाता, स्थानिय तह प्रकोप व्यवस्थान खाता जस्ता कोषमा गत वर्षबाट जिम्मेवारी सारेको रु.१६२९२५२९.३१ सहित रु.१७९०८८१०.०२ आय र रु.९०२६९०६.९८ खर्च गरी रु.१६८८१९०३.०४ मौज्दात देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च गरी खर्चमा दोहोरोपन आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक वाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

### ५ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारिण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

### ६ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८०।३।३० मा रु.७१ करोड ६७ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।३० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

### ७ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

### ८ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | 21912000 | 18286863 | 3.02 |
| २ | पूर्वाधार विकास | 124908579 | 109132861 | 18 |
| ३ | सामाजिक विकास | 312583500 | 272599320.80 | 44.97 |
| ४ | बातावरण तथा विकास | 5000000 | 4872043 | 0.80 |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | 14353000 | 11861579 | 1.97 |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | 233355921 | 189426631.83 | 31.२४ |
| जम्मा | | 712113000 | 606179299 | 100 |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४४.९७ प्रतिशत र वातावरण विकासमा सबै भन्दा घटीमा ०.८० प्रतिशत रहेको छ ।

## ९ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | 174385045 | 23064867 | 17179635 | 37993553 | 96146990 | 75422187 |
| प्रतिशत | | 13.23 | 9.85 | 21.79 | 55.13 | 43.25 |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१७४३८५०४५।निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.२३०६४८६७(१३.२३प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१७१७९६३५। (९.८५प्रतिशत), तेस्रो त्रैमासिकमा रु.३७९९३५५३। (२१.७९प्रतिशत) र चौथो त्रैमासिकमा रु.९६१४६९९०।(५५.१३ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु.७५४२२१८७।(४३.२५प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

## १० योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार १२ वडाको लागि वडागत र पालिकास्तरका कुल १७४ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र.सं. | कार्यक्रम | योजना संख्या | २० लाख भन्दा माथिको संख्या | रु. ५ लाख देखि २० लाख सम्म | रु. ५ लाख भन्दा कमको योजना |
|---|---|---|---|---|---|
| १ | पालिकाल स्तरीय | ६७ | १३ | ४५ | ९ |
| २ | वडा स्तरीय | १०७ | ० | १ | १०६ |
| | जम्मा | १७४ | १३ | ४६ | ११५ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १६८ योजनामात्र कार्यान्वयन भई ६ योजना कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

## ११ खर्च बिश्लेषण

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.९३५६७५१.६०राजस्व बाँडफाँड र अनुदानबाट रु.५७५६५७५४१.१८ समेत रु.५८५०१४२९२.७८ आम्दानी भएकोमा चालु तर्फ रु.४३१७९४२५३.६३र पूँजिगत तर्फ रु.१७४३८५०४५।समेत रु.६०६१७९२९८.६३ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १.५९प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु.१३१२४०००।खर्च भएको छ जुन आन्तरिक आयको १४०.२६ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६९.७० प्रतिशत चालु र ३०.२९ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

## १२ सेवाप्रवाह

यस आर्थिक वर्षमा पन्जिकरण शाखाबाट उपलब्ध गराएको विवरण अनुसार पन्जिकर सेवा उपलब्ध गराएको विवरण प्राप्तभएको छ ।

| विवरण | जम्मा |
|---|---|
| पञ्जिकरणतर्फ | |
| जन्मदर्ता | १०२८ |
| मृत्युदर्ता | २५१ |
| बसाईसराई दर्ता | २२० |
| विवाह दर्ता | ३३८ |
| सम्बन्धविच्छेद दर्ता | १६ |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन।

## १३ लक्ष्य प्रगति

कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | १७४ | ६ | ० | ५ | ७ |

पालिकाले यस आ.व मा १७४ योजनाहरु कार्यान्वियन गर्न बजेटको व्यवस्था गरेकोमा ६ वटा योजना कार्यान्वियन हुन नसकेको र ५ योजनाले ५० प्रतिशत सम्म र ७ योजनाले ७५ प्रतिशत सम्म प्रगति गरेको पाइयो। पालिकाले योजना छुट्याउँदा १०० प्रतिशत र सम्पुर्ण योजना कार्यान्वियन गर्ने सक्ने गरि गरिनु पर्दछ।

## १४ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ।

## १५ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ।

## १६ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। तर बागचौर नगपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

## १७ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

Ø स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रको संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन। आधारभुत तथ्यांक

Ø पालिकाले योजनागत खाता राखेको पाईएन। विविषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई रहँदा पुँजीगत निर्माणमुखी रहेको पाइएन। कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन।

Ø कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने सुपासमेत लगाई दस्तखत गरीप्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।

Ø अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३० को ९३० बमोजिम नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले बजेट कार्यान्यनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपने व्यबस्थाको पालना गरेको

पाइएन।

Ø ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता मे ले प फारम नं. ५०६ र म ले प फा नं ५०७ तथा कन्टिन्जेन्सी खाता राखेको पाईएन ।

Ø स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।

Ø संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।

Ø सञ्चालित योजनाको सूचना पाटीमा आय(व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्ने एवं रोयल्टी भुक्तानीका सबै प्रमाणसहित विल भर्पाई पेश गर्नुपर्नेमा अधिकांशतः पालना भएको पाईएन।

Ø वातावरण संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार गरेको पाइएन।

Ø प्रचलित कानुन अनुसार लेखा समित गठन गरेता पनि म ले प प्रतिवेदनहरु सम्बन्धमा छलफल गरेको अभिलेख रहेको पाइएन।

Ø सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण बनाई लागु गरेको पाईएन ।

Ø सुचना अधिकारीको काम कर्तव्य र जिम्मेवारी सम्बन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग सो अनुरुप सूचना प्रवाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख पाइएन।

Ø वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची निर्माण, १०० मिटर सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा व गर्नपर्ने र नगरेमा दफा ३५ वमोजिम रु। ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेको पाइएन।

Ø पालिकाले हालसम्म संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेको पाइएन।

Ø विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित मितिमा पेस गरेको पाइएन।

Ø स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा अधिकांश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।

Ø स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाइएन ।

Ø स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन।

Ø स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको पाइएन।

Ø दिगो विकास लक्ष्य (सन् २०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भए गरेको पाइएन।

Ø सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको तथा अनुगमन मुल्यांकनको कार्य भएको पाइएन।

Ø सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९(क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश गरेको पाइएन।

Ø सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण राखेको पाइएन।

Ø सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना भएको पाइएन।

Ø यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फस्यौट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरी राखु पर्नेमा राखेको पाइएन।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य संचालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनु पर्दछ।

## १८ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म २४ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित २९ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

## १९ कर्मचारी व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्ति गर्न पाइने व्यवस्था छैन। पालिकाले उल्लेखित पदहरुमा बाहेक ८६ कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.२,२५,५९,०००। भुक्तानी गरेको मध्ये रु.८९,९३,५६९। माथि उल्लेखीत दरवन्दी वहायकको पदमा भुक्तानी भएको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ८९,९३,५६९ |

## २० आर्थिक सहायता

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ६९ संघसंस्था र व्यक्तिहरुलाई रु.११६९००० आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.९३५६७५१.६० को १२.५० प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

## २१ निःशुल्क उपचार सहायता

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ। नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ। नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ। सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस निकाय/पालिका/अस्पतालवाट २९जनाको लागि रु. १७०००००।खर्च भएको व्यहोरा

निम्नानुसार देखिन्छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ ।

| क्रम | उपचारको किसिम | व्यक्ती संख्या | रकम रु हजारमा |
|---|---|---|---|
| १ | क्यान्सर | २३ | १३४०००० |
| २ | डायलसिस | ६ | ३६०००० |
| | **जम्मा** | २९ | १७००००० |

## २२ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन।वागचौर नगरपालिको वडा नं. २ माडम्पिङ साइड २०७५ मा बनाएको सबै किसिमका एकै स्थानमा फाल्ने गरेको पाइयो। हालको दिनमा विकसित रुपले कुहीने, नकुहीने र पुन प्रयोग हुने फोहरको फरक फरक व्यवस्थाप गरिने गरी दिर्घकालिन योजना बनाउनु पर्ने देखिन्छ।

## २३ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३० वटा ऐन, ६वटा नियमावली, २८कार्यविधि लगायत ६४ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ।

## २४ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ र यो वर्ष थप भएको १ गरी कुल २ विवाद दर्ता भएकोमा १ वटा मात्र फर्स्यौट भई १ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

## २५ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३६ वटा सहकारी संस्था रहेका विवरण उपलब्ध भएता पनि ७ वटा पालिकाको हो/होइन यकित गरो पाइएन। २९ वटा सहकारी मध्ये १९ वटा सहकारी मात्र कर प्रयोजनकोलागि एकिकृत सुचना व्यवस्थापन प्रणालिमा प्रविष्ट गरेको पाइयो। पालिकाले सक्रिय र निस्कृय रुपमा रहेको सहकारी वर्गीकरण गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

## २६ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान

मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ।पालिकाले जिन्सी निरिक्षणकोलागी कर्मचारि तोकिएता पनि लेखापरिक्षणको क्रममा जिन्सी निरिक्षण फारम पेस गरेको पाइयो। गठित समितिले जिन्सीको निरिक्षण पश्चात जिन्सीको अवस्था बारे प्रतिवेदन पेश गर्नु पर्नेमा पेश गरेको पाइएन। जिन्सि निरिक्षण फारममा उल्लेख गरिएको लिलाम गर्नु पर्ने मोटरसाइकल ७, स्कुटर १, रिक्सा १, टेलिभिजन १, सिसिटिभि ८, ल्यापटप ७, प्रिन्टर ११ लगायतका सामान लिलाम गर्नु पर्ने र मोटर साइकल १०, ल्यापटप १०, प्रिन्टर १४, इन्भटर ४ लगायतका अन्य सामानहरु मर्मत गर्नु पर्ने उल्लेख गरेकोमा लेखापरिक्षण अवधि सम्म प्रकृया अगाडी बढाएको पाइएन।

२७ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो मन्त्रालय र मातहतका निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छन्।

| **सम्पत्ति** | **प्राप्त मिति** | **संख्या** | **खरिद/प्राप्ति मूल्य** | **कैफियत** |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | 2073/9/59, 2078/3/28, २०८०/५/११, २०८०।१०।७ | 37 (३६-१०-६-३) | 5115000 | दान पत्र बाट प्राप्त गरेको जग्गाको दान पत्रको न्यूनतम मुल्य उल्लेख गरेको |
| सवारी साधन (रु.१ लाखभन्दा बढी) | विभिन्न मिति | 51 | 44635348.86 | टिप्पर-२, एम्बुलेन्स १, एक्जाभेटर १, रोलर १ लगायतका सामान |
| उपकरण (रु.१ लाखभन्दा बढी) | विभिन्न मिति | २ | ५८८६२८ | |
| बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन | | ७ | 1605424.66 | |

२८ **मर्मत खर्च**

पालिकाभित्र रहेका २ वटा टिपरको रु.९३७३६०.३७, कार १ को रु.१६८२२१.५९, पिक अप १ को रु.३२५४७३.१३, एक्जाभेटर रु.४१४५८६.४७, व्याकहो लोडर रु.१४८८३६५। र रोलरको रु.२७३७३.१२ गरी रु.३३६१३७९.६ खर्च गरेको छ। इन्धनमा कति खर्च गरेको छ सो कोछुट्टै रेकड राखेको पाइएन। पालिकाभित्र संचालनमा आएका मेसिन तथा उपकरण संचालन गर्दा सो मेसीनमा लाग्ने लागतलाई सोही मेसिनको प्रयोगबाट हुने आम्दानीले पुग्ने गरि संचालनमा ल्याउने साथै सो मेसिनहरुको आम्दानी तथा खर्च अलग अलग हुने गरि अभिलेख राखिनु आवश्यक देखिन्छ।

२९ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१७४३८५०४५। पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाईखरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

३० **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०६ र ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म

भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

३१ **सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

३२ **खर्चमा मितव्ययिता**

सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने निर्देशिका अनुसार कार्यालयले आफ्ना प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ। पालिकाले यस वर्ष अन्य सेवा शुल्कमा रु.२६२५१६३१।(करार कर्मचारीको तलब दरवन्दी बाहेकका), विविध खर्च रु.५२७९०००।, भ्रमण खर्चमा रु.२७५६०००।, मसलन्द तथा कार्यालय सामान रु.७८५३५८४।, सवारी मर्मत सम्भार रु.५१७१०००।।, पदाधिकारी अन्य सेवा सुविधा रु.१३१२५३६९।, सभा संचालन खर्च रु.६९०८५२।, र घर भाडा रु.१०९२०००। खर्च गरेको छ। यस किसिमका खर्चमा नियन्त्रण गरी स्रोत साधनको उपयोगमा पालिकाको ध्यान जानु पर्दछ।

३३ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| 449773427.67 | 9356751.60 | 2 |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा 2 प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

३४ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.३५९११०००।प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.९३५६७५१.६० अर्थात अनुमान भन्दा २६.०५ प्रतिशत घटी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

३५ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| सम्पत्ति कर | 5000000 | 27175 | **0.54** |
| वहाल कर | 1500000 | 776183.5 | **51.75** |
| व्यवसाय कर | 0 | 4000 | **0.00** |
| वहाल विरौटी शुल्क | 1500000 | 0 | **0.00** |
| भूमी मालपोत | 5000000 | 1556063.36 | **31.12** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

३६ **राजश्व अभिलेख**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। पालिकाको राजश्व खाताको बैक स्टेटमेन्ट अनुसार रु.९३५६७४३.६० संकलन गरेको विवरण पालिकाले उपलब्ध गराएकोमा राजश्व सिस्टम अनुसार रु.७४६३२३९। आम्दानी गरेको पाइयो। सिस्टममा भन्दा राजश्व बैक खातामा रु.१८९३५०४.६ बढी दाखिला भएको पाइयो। राजश्वको हिसाव मिलान नगरेकाले फरक पर्न गएको पाइयो अतः हिसाव मिलान गरिनु पर्दछ।

३७ **निकासी कर**

पालिकामा उत्पादित सामानहरु पालिकाको क्षेत्राधिकार भन्दा बाहिर लैजानकालागि लगाउने निकासी कर पालिकाले ठेक्का नलगाइ वडा नं.१-१२ सम्म कर संकलकको रुपमा वडा नं.९ का डम्वर डाँगीलाइ नियुक्त मिति २०८०।६।८ मा नियुक्त गरेको पाइयो। मिति २०७९।८।२५ को वागचौर नगरपालिका नगरकार्यपालिकाको निर्णय अनुसार कर संकलन गर्ने व्यक्तीलाई कर संकलन रकमको २५ प्रतिशत उपलब्ध गराउने निर्णय गरेको पाइयो। पालिकाले पालिकामा कार्यरत व्यक्ती वा निर्माण व्यवसायीबाट राजश्व संकलन गर्न सक्ने तर वाहिरको व्यक्तिलाई अमानतमा राजश्व संकलन गर्न पाउने व्यवस्था नभएकोमा पनि पालिकाले वाहिरी व्यक्ति नियुक्त गरी यस आ.ब मा रु.१४३०००। राजश्व संकलन गरेकोमा रु.३५७५०। संकलकलाई वितरण गरेको पाइयो। अतः यस प्रकारको राजश्व संकलन गर्दा पालिकाले ठेक्का विधिको प्रयोग गर्नुपर्दछ अन्यथा पालिकाको कर्मचारीद्धारानै संकलन गरिनु पर्दछ।

३८ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले २५ व्यवसाय दर्ता, ६२ नवीकरण, ३२ खारेजि, २ ठाउँसारी गरी शुल्क वापत रु.११४४००।कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन्। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छन्। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

३९ **ढुङ्गा गिटी बालुला आम्दानी**

शारदा खोला, बाँफू खोला, लाटीगार खोला, खारा खोलाबाट दहत्तर बहत्तर उत्खनन् गर्ने गरेको भएता पनि पालिकाले आई ई ई गरेको पाइएन। खोलाबाट उत्खनन् हुने समानको प्रयोग हुने तर राजश्व संकलन हुने गरेको पाइएन। पालिकाले पालिका भित्र संचालिन योजनाहरुमा प्रयोग भएको मेटरियलको प्रयोगको आधारमा प्रदेश रेटलाई आधार मानी राजश्व संकलन गर्नु पर्दछ। उपभोक्ता तथा निर्माण व्यवसायी मार्फत गरिने निर्माण कार्यमा पालिकाकै स्रोत साधनको प्रयोग हुने हुँदा पालिकाभित्र निर्माण हुने योजनाको प्रयोग परिमाणको आधारमा राजश्व संकलन गरि राजश्व वढाउने तर्फ पालिकाको ध्यान जानु पर्दछ।

४० **उपभोक्ता समिति परिचालन**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययी गुणस्तरीयता वा दिगोपना हुने भएमा वा लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समितिलाई तोकिएको कार्यविधि पुरा गरी त्यस्तो कार्य गराउन सकिने व्यवस्था गरेको छ । सोही व्यवस्थाको कार्यान्वयनका लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत खरिद गर्दा अपनाउनुपर्ने विधि र प्रक्रिया उल्लेख गरिएको छ । पालिकाले यस वर्ष विभिन्न १०८ योजनामा उपभोक्ता समिति परिचालनमार्फत रु.६ करोड ८ लाख १६ हजार खर्च गरेको छ । उपभोक्ता समितिबाट गरेको काम सम्बन्धमा निम्न व्यहोरा देखिएको छ ।

**४१ निर्माण लगत**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ११ ले उपभोक्ता समितिले गरेको कामको जाँचपास गरी जन श्रमदानबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण पेश गरेपछि सार्वजनिक निकायले प्राप्त विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, सुपरीवेक्षण र कार्य सम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्नेगरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले प्रत्येक वर्ष विभिन्न उपभोक्ता समिति वनाई सडक लगायत पूर्वाधार निर्माण कार्य गरेपनि सो को अभिलेख राखेको छैन । पालिकाको लागि आवश्यक संरचना यकिन गर्ने, सर्त अनुसार बनाइएका संरचना अभिलेखांकन गर्ने पालिका लगायत अन्य निकायले गरेको कामको समन्वयात्मक रुपमा सहकार्यमार्फत दोहोरो हुन नदिने गरी कार्यालयले अभिलेखांकन गर्ने गरेको छैन । यसबाट कार्यमा दोहोरोपना नभएको भन्ने आधार समेत देखिदैन । पालिकाले परिचालन गरेको उपभोक्ता समितिबाहेक कृषि विकास कार्यालय, विभिन्न गैर सरकारी संस्थाहरु समेत परिचालन हुने सन्दर्भमा अन्य संस्था एवं कार्यालयहरुले गरेका कामका समेत अभिलेखांकन गरी बाँकी योजनाहरुको आवश्यकता यकिन गरी उपभोक्ता छनौट एवं निर्माण कार्य गर्नु पर्दछ

**४२ गुणस्तर परीक्षण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्तिगरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भएनभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माणव्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुनेसामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

**४३ प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

**४४ सार्वजनिक सूचना**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (२) ले स्थानीय वासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदायबाट काम गराउनका लागि सम्बन्धित काम तथा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुरा खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना गरी प्रस्ताव माग गर्ने वा त्यस्तो समुदाय वा समितिले प्रस्ताव पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट नियमानुसार सूचना प्रकाशन नगरी सम्बन्धित उपभोक्ता समितिबाट प्राप्त निवेदनका आधारमा सम्झौता गरी कार्य सम्पन्न गरेको छ । उपभोक्ताबाट पहुँचका आधारमा योजना स्वीकृत गराई प्राप्त बजेट अनुसार सिधै सम्झौता गर्ने

गरेको छ । यसबाट खरिद ऐनले अपेक्षा गरे अनुसार खरिद प्रक्रियामा प्रतिस्पर्धा स्वच्छता मितव्ययिता र विवेकपूर्ण ढंगबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल हुने देखिदैन । प्रस्तावना मार्फत प्रतिस्पर्धा गराई उपभोक्ता समिति परिचालन गर्नुपर्दछ

४५ **उपभोक्ता समितिको काम सव-कन्ट्राक्टरबाट कार्य गराएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने, कुनै निर्माण व्यवसायिक तथा सवकन्ट्र्याक्टरबाट गराउन नसकिने, त्यस्तै नियम १३(क)मा उपभोक्ता समितिले आफूले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसँग भएको सम्झौता गद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्नुपर्ने उल्लेख छ। तर निम्नानुसारको उपभोक्ता समितिले पाएको निर्माण कार्य सवकन्ट्र्याक्टरबाट गराएको नियमसम्मत देखिएन । यसमा पालिकाले सुधार गर्नुपर्दछ ।

| योजनाको नाम | उपभोक्ता समितिलाई भुक्तानी | निर्माण व्यवसायी | उपभोक्ता समितिले निर्माण व्यवसायीलाई भुक्तानी |
|---|---|---|---|
| वडा नं. ९ को सबै सडक मर्मत उपभोक्ता समिति | ४९३५०० | जय कन्स्ट्रक्सन प्रा.लि. | ४७६८६० |
| वडा नं. १० सडक मर्मत उपभोक्ता समिति | ३४६४९५ | वेदकोट निर्माण सेवा | ३५०२१५ |
| वडा कार्यालय फिल्ड निर्माण | ५००००० | वागेश्वरी कन्स्ट्रक्सन प्रा.लि | ३३१७९६ |
| वडाको सम्पूर्ण सडक मर्मत वडा नं. १२ | २८७८०० | भिम कुमाख निर्माण सेवा | २८३८१० |
| ठुलाखोरिया पानीढल सडक निर्माण तथा मर्मत | ४३०३७३ | चन्द विल्डर्स | ४०६२१६ |

४६ **बहुउद्देश्य सभा हल**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु.१ करोडसम्म लागतअनुमान भएको सोही आर्थिक वर्ष भित्र सम्पन्न गर्न सकिने निमार्ण कार्यमात्र सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने तथा उक्त लागतमा मूल्यअभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेतको रकम समावेशहुने व्यवस्था छ । पालिकाले सभाहलको लागत अनुमान रु. १,०३,९८,९४५। तयार गरी गत आर्थिक वर्षमा समेत उपभोक्ताबाट कार्य गराइ रु.५७,५८,१७३।भुक्तानी दिएको उल्लेख गरेकोमा यस वर्ष समेत उपभोक्ता समितिबाट बाँकी कार्य गराइ रु.३७,२३,९००। भुक्तानी गरेको छ। कानूनमा उल्लेख गरेको भन्दा बढी सीमाको कार्य उपभोक्ता समितिबाट गराएको गतविगत लेखापरीक्षण प्रतिवेदनमा नै उल्लेख गरेकोमा यस वर्ष पनि सोही कार्य उपभोक्ता समिति मार्फत गराएकोले कानूनको पालना भएको देखिएन।

४७ **हेभी इक्विपमेण्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्

| गोभौनं./ मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| 26-081/3/20 | वागचौर नगरस्तरिय खेल मैदान निर्माण उ स | खेल मैदान निर्माण | 1208950 | स्काभेटर | 1224942 |
| 5-081/12/3 | टाट्के स्यालागाउँ परिलेख पोखरी बजार सडक स्तरउन्नती उ.स | टाट्के स्यालागाउँ परिलेख पोखरी बजार सडक स्तरउन्नती | 18474782 | स्काभेटर | १८३९९२२ |

## ४८ ढुवानीमा बढी लागत अनुमान

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। सबैकालागि दिग खानेपानी सरसफाइ तथा स्वच्छता आयोजना कार्यक्रम अन्तर्गत संचालित निम्न योजनामा सामान खरिदको लागत अनुमान तयार गर्दा जिल्ला दररेटको प्रयोग नगरी नेपालजन्जको दरमा ढुवानी जोडी लागत अनुमान तयार गर्दा ढुवानीमा बढि भुक्तानी हुन गइ जिल्ला दर भन्दा बढीमा लागत अनुमान तयार हुन गइ रु.१६६१४४। बढी राखी लागत अनुमान तयार गरेको पाइयो। सोही कायम दरबाट लागत अनुमान तयार गरी सप्लायर्स सँग खरिद गरेको छ।

| योजनाको नाम | सामान | परिमाण | नेपालगन्ज दर + ढुवानी | सल्यान दर + ढुवानी | दरमा फरक | बढी लइ कामय | सप्लायर्सको दर |
|---|---|---|---|---|---|---|---|
| गर्लेखोला घर्नेटीखोला ठूलाखोला बाहुनटोल खानेपानी तथा सरसफाइ आयोजना | सिमेन्ट | २५२ बोरा | 906 | 750 | 156 | 39312 | 599.95 |
| | डण्डी | 456 | 103.16 | 99.61 | 3.3 | 1508 | 86.5 |
| तुसारे खोला कोटवेत लिफ्ट खानेपानी | सिमेन्ट | ७७० बोरा | 906 | 750 | 156 | 120120 | 599.95 |
| | डण्डी | 1520 | 103.16 | 99.61 | 3.55 | 5396 | 86.5 |
| जम्मा | | | | | | 166144 | |

यस कार्यक्रम सामानहरुको लागत अनुमान तयार गरी एकमुष्ट सामान खरिद गरीएकोमा विस्तृत कुन योजनामा कति सामान लाग्ने भन्ने सामनको विवरण र खरिदपछी पनि मेजरमेन्टमा कतिसामन प्रयोग भयो खरिद मध्यको भन्ने विवरण उल्लेख गरेको पाइएन। अतः लागत अनुमान तथा खरिद पछी मेजरमेन्टमा समेत ठेक्का विधिमार्फत खरिद गरिएका सामानहरु कति कति प्रयोग भए स्पष्ट देखिने अभिलेख राख्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ।

## ४९ मूल्य अभिवृद्धि कर भुक्तानी

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **१२,४९१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

## ५० बढी भुक्तानी

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **१०,९८२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **२,१८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

५१ **सोझै खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) को (क) र (क१मा दश लाखसम्म लागत अनुमान भएको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको र नियम ८५(१ख) अनुसार एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सीमा भन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नसकिने व्यवस्था रहेको छ। पालिकाले निर्माण कार्य खरिद गरी भुक्तानी गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई १८ आपूर्तिकर्ता तथा निर्माण व्यवसायीबाट रु.१ करोड १८ लाख सोझै निर्माण गरेको देखिएकोले प्याकेज बनाइ प्रतिस्पर्धात्मक विधिबाट खरिद गरिनु पर्दछ।

| भौचर नं. | योजनाको नाम | निर्माण व्यवसायी | लागत अनुमान | संझौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| २६-२०८०।६।९ | भ्यूटावर मञ्च तथा ट्रस्ट निर्माण | दिप निर्माण सेवा | ९४९२०० | ९४७१३२ | ८९९७६४ |
| १४६-२०८१।३।९ | सेफ्टि ट्याङ्क निर्माण वडा नं.७ | भैरव निर्माण सेवा | ५६५६३० | ५६४२१३ | ५६४००० |
| १६८-२०८१।३।२० | वडा नं. ३ कार्यालयको फिल्ड निर्माण | विसि निर्माण सेवा | ९६४४२० | ९६३६८० | ९६३६८० |
| १६७-२०८१।३।२० | भाँडखोला अधुरो लिफ्ट सिचाइ आयोजना | ग्लोवल सप्लायर्स एण्ड ट्रेडर्स | ९९९७३४ | ९९९३८१ | ९९८२६३ |
| १८९-२०८१।३।२३ | राजेन्द्र पार्क अधुरो कार्य निर्माण | ज्यास्मिन एण्ड जस्टिन कन्स्ट्रक्सन | ८६९२२४ | ८५७१२६ | ७७८२०१ |
| १८०-२०८०।३।२३ | बागचौर थामरे झोलुङ्गे पुल जानेबाटो रेलिङ तथा सल्याप निर्माण कार्य | यु.एण्ड एस सप्लायर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि. | ४८२६०८ | ४८१०२७ | ४७६१७१ |
| १९५-२०८१।३।२३ | वडा नं. २ कार्यालय वाल तथा शौचालय निर्माण | यु.एण्ड एस सप्लायर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि. | ३८५५४४ | ३८४११२ | ३८४११२ |
| २०९-२०८१।३।२३ | सेरा चौर माथिल्लो चिल्ढाले रारेचौर सडक स्तरोन्नती | यरिङका निर्माण सेवा | ४८१२७८ | ४६१७०७ | ३२०२४२ |
| २०७-२०८१।३।२३ | बजारपाटा वयालडाँडा धाप पनेरीखोला सडक निर्माण | भावी कन्स्ट्रक्सन | ४८२३३५ | ४६९३९० | ४६५१५५ |
| २००-२०८१।३।२३ | शिशु जागरण आवि फिल्ड तथा वाल निर्माण | याजन सप्लायर्स एण्ड कन्सट्रक्सन प्रा.लि. | ४८२११७ | ४८१९२९ | ४७०८१३ |
| २११-२०८१।३।२३ | ठिनबाङ्ग खोलापुल चालखोला कज वे र डोब्रेखोला ह्युमपाइप निर्माण | शम्शेर निर्माण सेवा | ७७१८३५ | ७६६२६२ | ७६६२६२ |
| २१४-२०८१।३।२३ | शहिद भरत स्मृति मावि अधुरो भवन | स्टार दार्मा मालिक कस्ट्रक्सन प्रा.लि. | ४८२८९९ | ४७८४९७ | ४७०२५३ |
| २१६-२०८१।३।२३ | बागचौर खानेपानी आयोजना वडा न.२ र ७ | क्वालिटी रिन्युएवल इनर्जि प्रा.लि. | ९५९९७१ | ९५९९२७ | ९५६०१६ |
| २२६-२०८१।३।२४ | घर्तिगाउँ मन्दिर वाल निर्माण | कर्णालि वली कन्स्ट्रक्सन | ७९८२३२ | ७९५३५२ | ७६२६८५ |
| २२२-२०८१।३।२४ | चिसिधारी देखि हाउजेखोला अर्चने सडक स्तरोन्नती | समृद्धि निर्माण सेवा | ७६८१६७ | ७६६७०५ | ७६४३०५ |
| २५२-२०८१।३।२४ | खौला खोला लौराबाङ सम्म सडक स्तरोन्नती | खैराबाङ्ग माई कन्स्ट्रक्सन | ६७५५९० | ६५६७९४ | ६५३७४४ |
| २५०-२०८१।३।२४ | इन्द्रडाँडा देखि एग्लेपुज्नेसम्म लिफ्ट सिचाई योजना | शाह कन्स्ट्रक्सन | ४९९७४९ | ४९८९१६ | ४७३६६१ |
| २६१-२०८१।३।२४ | लौराबाङ्ग देखि बाफुखोला जोड्ने सडकको ह्युम पाइप तथा स्लाव निर्माण | एन.आर.के. कन्स्ट्रक्सन | ६७२५४० | ६७१५४२ | ६६५१९९ |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | जम्मा | | १२२९१०७३ | १२२०३६९२ | ११८३२५२६ |

५२ **फर्निचर खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३.क को (३) मा सार्वजनिक निकायले एक आपसमा अन्तरसम्बन्धित भई एउटै प्याकेजमा सञ्चालन गर्नुपर्ने भएमा बाहेक प्रतिस्पर्धालाई संकुचन र सीमित पार्न नहुने उल्लेख छ त्यस्तै नियम ३१ मा सार्वजनिक निकायले बीस लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले १७ विद्यालयलाई फर्निचर खरिद र पढ्नका लागि कक्षा कोठा व्यवस्थापन कार्यक्रमा फर्निचर खरिद गरी रु.५१९१२५३।० भुक्तानी गरेको छ। आवश्यकताको पहिचान तथा माग संकलन गरी लागत अनुमान तयार गर्न पर्नेमा प्रत्येक विद्यालयले सोझै खरिद गरको विल पेसको आधारमा एकमुष्ट जय खैराबाङ्ग दर्शन कष्ठ फर्निचर उद्योगलाई भुक्तानी गरेको दिएको छ। पालिकाले कानूनमा व्यवस्था भए बमोजिम प्याकेज संचालन नगरी कानूनमा उल्लेख गरेको प्रकृया अवलम्बन नगरी भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

| भौचर नं. | आपूर्ति कर्ता | विवरण | विनियोजन रकम | रकम |
|---|---|---|---|---|
| ११७-२०८१।२।२४ | जय खैरावाङ्ग दर्शन कष्ठ फर्निचर उद्योग | १७ विद्यालयलाई फर्निचर खरिद | ३४००००० | ३३८२८८० |
| ४६-२०८०।१०।१० | जय खैरावाङ्ग दर्शन कष्ठ फर्निचर उद्योग | पढ्नका लागि कक्षाकोठा व्यवस्थापन कार्यक्रम अन्तर्गत फर्निचर खरिद | २०००००० | १८०८३७३ |
| | जम्मा | | | ५१९१२५३ |

| | |
|---|---|
| अनियमित भएको | ५१,९१,२५३ |

५३ **डकुमेन्ट्री निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयले तयार गरेको नर्म्सको आधारमा तयार गर्नुपर्ने उल्लेख भएको, त्यस्तै स्थानीय सरकार संनालन ऐन, २०७४ को दफा २४ अनुसार पालिकालेयोजना बनाउँदाआर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सक्ने लगायत प्राथमिकताका आधारमा योजना छनौट गरी संचालन गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले यस वर्ष डकुमेन्ट्री निर्माण गरी रु.५९८०००। खर्च गरेको छ। डकुमेन्ट्रीको लागत अनुमान निर्माण गर्दा स्वीकृत नर्म्सको प्रयोग नगरेको, उक्त कार्यले कानूमा उल्लेख भएबमोजिम समूदायमा प्रत्यक्ष लाभ पुग्ने नदेखिएकोले स्वीकृत नर्म्सको प्रयोग गरी यस्तो खर्चमा सुधार गर्नुपर्दछ ।

| गोश्वारा भौचर नं. | योजनाको नाम | परामर्शदाता | भुक्तानी रकम |
|---|---|---|---|
| १६२-२०८१।३।२० | नगरपालिकाको वस्तु स्थिति झल्कने डिजिटल फोटो निर्माण | विश्व प्रसिद्ध मिडिया हाउस | २९९००० |
| १५७-२०८१।३।१३ | धार्मिक तथा पर्यटकीय ठाउँको लागि डकुमन्ट्री निर्माण | लेकबेशी मिडिया ग्रुप प्रा.लि. | २९९००० |
| जम्मा खर्च | | | ५९८००० |

५४ **रेडियो सवलिकारण कार्यक्रम**

स्थानीय सरकार संनालन ऐन, २०७४ को दफा २४ अनुसार पालिकालेयोजना बनाउँदाआर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सक्ने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दारहरूको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्नसक्ने तथा लागत कम लाग्ने, स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने, समुदायलाई प्रत्यक्ष लाभ पुग्ने लगायत प्राथमिकताका आधारमा योजना छनौट गरी संचालन गर्नुपर्ने व्यवस्था गरेको छ। तर

पालिकाले उक्त ऐनको प्राथमिकता विपरीत निजी क्षेत्र रेडियो मध्य पहाडलाई डेक्सटप, ल्यापटप, व्याट्री लयायतका रु.३,९७,४७७।० को सामाग्री खरिद हस्तान्तरण गरेको छ। यस आर्थिक वर्षमा रेडियो सवलीकरण कार्यक्रममा बजेट व्यवस्था ऐनमा भएको प्राथमिकता विपरीत कार्यक्रम तयार गरी निजी कम्पनीलाई लगानी गरेको नियमसम्मत देखिएन । यसमा सुधार गर्नुपर्दछ ।

५५ **लागत अनुमान**

सार्वजनिक खरिद ऐन, २०६४ को दफा ५ मा खरिद कार्यको एक लाख भन्दा माथिको खरिदमा लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ। कार्यालयले भौ.३१९-०८१।३।२८ बाट आरटेक सप्लायर्स मार्फत विद्यालयलाई ट्रली स्पिकर र पेन ड्राइभ खरिद गरी रु.९९९१४६। खर्च गरेको छ। पालिकाले ६८ वटा विद्यालयलाई दुवै सामान बुझाएकफ भर्पाइ राखेको पाइयो। पालिकाले यति ठूलो रकमको सामान खरिद पुर्व सामानको मुल्य तथा स्पेसिफिकेशन तयार गरी सो सामानको लागत अनुमान तयार गरि कम्पिडिसालगि सामान खरिद गर्नु पर्नेमा लागत अनुमान तयार गरेको नपाइएकाले खरिद पुर्व म रु.३५००००।र भौ ५९-०८१।२।३० पशुपती आयुर्वेद भवन प्रा लि बाट रु.७८८०५०। गरी जम्मा रु.११३८०५०। कोटेशन मार्फत खरिद गरेता पनि लागत अनुमान तयार गरेको पाइएन। अतः खरिद गर्दा लागत अनुमान तयार गरेर मात्र खरिद गर्ने तर्फ कार्यालयको ध्यान दिनुपर्दछ।

५६ **डिपिआर निर्माण तथा परामर्श खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ माबजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र विस्तृत आयोजना प्रतिवेदनलगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ। सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र वढि दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लगत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ। कार्यालयले देहाय अनुसारका परामर्श सेवा खरिद गरी रु.९३ लाख ९ हजार खर्च लेखेको छ। उपलव्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरीद गर्नुपर्नेमा लगत अनुमानकै हाराहारीमा भुक्तानी दिने सम्झौता गरी खर्च गरेको छ। अध्ययन प्रतिवेदन तयार भएका योजनाहरु कार्यान्वियनमा जाने सुनिश्चितता भएको समेत देखिएन।आधारभूत अस्पताल बानपा २, टाट्ने स्यालागाउँ परिलेख पोखरी बजार सम्म र खौला बजा देखी दोभार बजार सडक, को ठेक्का लागेको बागचौर नगरपालिका सभाहल निर्माण अन्तिम चरणमा रहेको पालिकाकव भनाइ रहेको छ।

| क्र.सं. | योजनाको नाम | परामर्श दाता | स्वीकृत बजेट | खर्च |
|---|---|---|---|---|
| १ | आधारभुत अस्पताल बानपा २ डिपिआर निर्माण | ल्याण्डस्केप ईन्जिनियरिङ कन्सलटेन्सी प्रा.लि. | २० लाख | १९८५९७५ |
| २ | बानपा ७ खारिगारमा पक्की पुलको लागि डिपिआर निर्माण | मिड नेपाल ईन्जिनियरिङ कन्सलटेन्सी प्रालि | १० लाख | ९९४४०० |
| ३ | बानपा ५ सिस्नेखोला र बानपा ६ शारदा खोलामा पक्की पुलको लागि डिपिआर निर्माण | क्यानभास ईन्जिनियरिङ कन्सल्टेन्सी प्राली | २० लाख | १९८८८०० |
| ४ | टाट्के स्यालागाउँ परिलेख पोखरी बजार सम्म र खौला बजार देखि दोभान बजार सम्म सडक डिपिआर | फोकस ईन्जिनियरिङ कन्सल्टेन्सी प्रालि | १५ लाख ५० हजार | १५१९१८२ |
| ५ | बागचौर नगरपालिकाको सभाहलको डिपिआर निर्माण | नमस्ते नेपाल ईन्जिनियरिङ कन्सलटेन्सी प्रालि | ५ लाख | ४९७२०० |
| ६ | थारमारेदेखि ठिनबाङ जिउला हुदै बयाले सडक डिपिआर निर्माण | डिडिसी ईन्जिनिरिङ सोलुसन एण्ड ट्युसन सेन्टर प्रालि | ९ लाख | ६७९१०७ |
| ७ | राप्ती राजमार्ग देखि लौराबाङ हुदै बाँफुखोला जोड्ने सडकको लागि डिपिआर निर्माण | आरोग्य ईन्जिनियरिङ कन्सल्टेन्सी प्राली | ५ लाख | ४९७२०० |
| ८ | राप्ती राजमार्ग देखि मिलनडाँडा सेताभिर, खाली, नुवागाँउ हुदै चोरपानी सम्म सडक डिपिआर निर्माण | आर एल ईन्जिनियरिङ कन्सल्टेन्सी प्रालि | १४ लाख | ११४७४२० |
| | | जम्मा | ९८ लाख ५० हजार | ९३०९२८४ |

५७ **वनहर्ट सँगको साझेदारी**

पालिकाले वानहर्ट वर्ल्डवाइडसँगको ५० प्रतिशत लागत साझेदारीमा मातृ तथा नवजात शिशु सेवाको सुदृढीकरण कार्यक्रम अन्तर्गत शिवरथ स्वास्थ्य चौकीमा प्रसूती भवन निर्माण कार्यको रु.६३,४८,६४६। लागत अनुमान तयार गरी संझौता भएकोमा सबैभन्दा कम कबोल गर्ने निर्माण व्यवसायी समृद्धि निर्माण सेवाले रु.४०,७५,७४४। (मूल्यअभिवृद्धि कर र पिएस सहित) मा मिति २०८१।३।१५ मा कार्य सम्पन्न गर्ने गरी मिति २०८०।८।२८ मा सम्झौता भएको छ । यस वर्ष निर्माण व्यवसायीलाई रु.१९,०८,३३६।० को कार्य गरी भुक्तानी दिएको छ । निर्माण कार्य सम्पन्न गर्ने वनहर्ट वर्ल्डवाइडबाट सम्झौता रु.२०,३७,८७२।० प्राप्त गर्नु पर्नेमा यस वर्ष उक्त संस्थाबाट रु.१२,१८,६६९।७३ प्राप्त भएको छ । बाँकी रकम साझेदारी सस्थाबाट प्राप्त गरी निर्माण कार्य सम्पन्न गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

५८ **ठेक्का व्यवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ। पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ। यस्ता योजना लागत अनुमान भन्दा ८.८६ देखि १६.३३ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो। पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो। यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ। साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै

गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ। यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ। लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ।

| क्र.सं. | योजनाको विवरण | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | बागचौर खानेपानी आयोजना वडा नं २ र ७ | क्वालिटी रिन्यूएबल इनर्जी नेपाल प्रा लि | ६६६५९८३.९८ | ६०७४७८८.०२ | ८.८६ |
| २ | रागेचौर, सिस्नेखोला सेताढार सडक मर्मत तथा शारदा खोला, जंघार खोला रोड स्तरोन्नती | भैरव निर्माण सेवा | ४११२८८०.५ | ३५६८९२० | १३.२२ |
| ३ | स्वास्थ्य चौकी पेदीखोलामा बर्थींङ सेन्टर निर्माण | समृद्धि निर्माण सेवा | ४०७५७४४ | ३५६६१४५ | १२.५ |
| ४ | कार्यालय भवन निर्माण | कमक मालिका निर्माण सेवा प्रा लि | २९३४१९४ | २५३११४५ | १३.७३ |
| ५ | विपिन भण्डारी मेमोरियल पार्क | यारिङ्का निर्माण सेवा | २११०५३४ | १७६५८०५ | १६.३३ |

## ५९ वीमा

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ। आयोजनाले तपशिल वमोजिमका ठेक्काहरुमा वीमा नै नगराइ निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण उक्त लगानी जोखिममा परेको देखिन्छ। यसरी वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ आयोजनाले ध्यान दिनुपर्दछ ।

| निर्माण काम | निर्माण व्यवसायी | सम्झौता रकम | विओक्यू मा वीमा रकम | कैफियत |
|---|---|---|---|---|
| वागचौर खानेपानी आयोजना वडा नं.२ र ७ आयोजना | क्वालिटी रिन्यूएबल इनर्जी नेपाल प्रा लि | 2080/11/24 | 30000 | विमा गाएको संझौत अवधि ३.५ महिनाको विमा गराउनु पर्नेमा २४ दिनको विमा गराइ रु. २७२०८। भुक्तानी लिएको |

## ६० प्रशासकीय भवन

पालिकाले प्रशासकीय भवन तल्ला थपको लागि आर.एन.एस.-जे.जे. एस.एन.एस. जेभिसँग रु.५,१३,०५,५०१।० मा मिति २०८१।८।२४ मा कार्य सम्पन्न गर्ने गरी मिति २०८०।२।३० मा संझौता भएको छ । पालिकाले यस वर्ष दोस्रो रनिङ विल सम्मको रु.२,५०,३४,३८०।० भुक्तानी गरेको सम्बन्धमा देखिएको व्यहोरा देहायबमोजिम छन्

६०.१ ( ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **३५६,७२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

६०.२ मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्यअभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धितआन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ।पालिकालेआर.एन.एस.-जे.जे.

एस.एन.एस. जेभिलाई मूल्यअभिवृद्धि कर रु. २८६१६०५।२० भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि करविवरण नबुझाई नन् फाईलर रहेको पाइयो। उक्त कारोबारको कर समायोजन भएकोप्रमाण पेश हुनुपर्ने रु.

| विजक नं. | पान नं. | मूल्य अभिवृद्धि कर बाहेक भुक्तानी | मूल्य अभिवद्धिकर भुक्तानी |
|---|---|---|---|
| ०४-२०८०।१२।२३ | ६२०१०४२१८ | ११२६०५७० | १४६३८७४.०० |
| ०२-२०८०।९।६ | | १०७५१७७८.४६ | १३९७७३१.२० |
| जम्मा | | | २८६१६०५.२० |

| प्रमाण पेश नगरेको | २८,६१,६०५ |
|---|---|

६१ **नन-फाइलर**

मूल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मू.अ.करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने र कार्यालयले विभिन्न फर्महरुबाट सार्वजनिक कार्य गराउँदा उक्त फर्महरुले आयकर चुक्ता प्रमाण पत्र प्राप्त गरे नगरेको साथै मूल्य अभिवृद्धि कर समायोजन गर्न बाँकी रहे नरहेको यकिन गरेर मात्र काम गराउनु पर्ने व्यवस्था रहेको छ। पालिकाले भुक्तानी गरेको फर्मको स्थायी लेखा नम्बरलाई आन्तरिक राजश्व बिभागको वेभ साईटमा सर्च गर्दा मूल्य अभिबृद्धि करमा ननफाइलर रहेको पाइयो। यसरी भुक्तानी पाउने फर्म लेखापरीक्षण अबधिसम्म भ्याट ननफाइलर रहेकोले उक्त फर्महरुले प्राप्त गरेको मूल्य अभिवृद्धि कर बापतको रकम सम्बन्धित कर कार्यालयमा बुझाएको वा समायोजन गरेको एकिन गर्न सकिएन। यसरी भुक्तानी भएको कर चुक्ता र मूल्य अभिवृद्धि कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.

| सि न | गोश्वार भौ. न | निर्माण व्यवसायी सप्लायर्सकर्ता फर्म | बिजक नं / मिति | मू अ करबाहेक भुक्तानी | मू. अ कर रु | ननफाइलर |
|---|---|---|---|---|---|---|
| १ | ३७-२०८०।७।२४ | आयान इन्फोसिस सप्लायर्स | ०४-२०८०।७।१९ | ५,१९,४०० | ६७,५२२ | 2080/T/2 |
| २ | ३४०-२०८१/०३/२३ | कुरुम्बा ट्रेठिङ कन्सर्न | ०३९-२०८१/०३/१८ | १६३९६५ | २१३१५.४५ | 2081/M/1 |
| ३ | ३४०-२०८१/०३/२३ | कुरुम्बा ट्रेठिङ कन्सर्न | ०४०-२०८१/०३/१८ | १३०७०३ | १६९९१.३९ | 2081/M/1 |
| ४ | ३४०-२०८१/०३/२३ | कुरुम्बा ट्रेठिङ कन्सर्न | ०४१-२०८१/०३/१८ | १२५९६० | १६३७४.८० | 2081/M/1 |
| ५ | ३४०-२०८१/०३/२३ | कुरुम्बा ट्रेठिङ कन्सर्न | ०४२-२०८१/०३/१८ | ११०४९२ | १४३६३.९६ | 2081/M/1 |
| ६ | ३४०-२०८१/०३/२३ | कुरुम्बा ट्रेठिङ कन्सर्न | ०४५-२०८१/०३/१८ | १५९७२५ | २०७६४.२५ | 2081/M/1 |
| ७ | ३४०-२०८१/०३/२३ | कुरुम्बा ट्रेठिङ कन्सर्न | ०४६-२०८१/०३/१८ | १३५३१३ | १७५९०.६९ | 2081/M/1 |
| ८ | ३४०-२०८१/०३/२३ | कुरुम्बा ट्रेठिङ कन्सर्न | ०४७-२०८१/०३/१८ | १३५९८५ | १७६७८.०५ | 2081/M/1 |
| ९ | ३४०-२०८१/०३/२३ | कुरुम्बा ट्रेठिङ कन्सर्न | ०४८-२०८१/०३/१८ | ९९६४३ | १२९५३.५९ | 2081/M/1 |
| १० | ३२-२०८१।३।२१ | चण्डीका कन्ष्ट्रक्सन | | 938242 | 107939 | 2080।T।12 |
| ११ | 38-081/3/23 | खैरावाग माइ कन्ष्ट्रक्सन | | 927145 | 106662 | 2080।m।7 |
| १२ | 38-081/3/23 | रोशन निर्माण सेवा | | 336987 | 38768 | 2080।m।12 |
| | | | | | ४५८९२३ | |

| प्रमाण पेश नगरेको | ४,५८,९२३ |
|---|---|

६२ **भेरिएशन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ वमोजिम खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भई भेरिएसन आदेश जारी गर्नुपर्ने भएमा ऐनको दफा ५४मा तोकिएका पदाधिकारीले भेरीएसन स्वीकृत गर्नुपर्ने व्यवस्था छ। पालिकाले वडा नं.५ र ७ कार्यालय भवन निर्माणको लागि विभिन्न आइटमहरु रु.५,९९,०८३।० रकमको निर्माण कार्य थप गरी भेरिएशन आदेश जारी गरेको छ। कानूनमा उल्लेख गरेक बमोजिमको पूर्वानुमान गर्न सकिने अवस्थामा समेत भेरिएशन गरेको नियमसम्मत देखिएन। निर्माण कार्यको लागत अनुमान तयरी गर्दाको अवस्थामानै पालिकाले निर्माणमाको लागत अनुमानमा ध्यान दिनुपर्दछ

| योजनाको नाम | लागत अनुमान | संझौता रकम | भेरिएशन रकम |
|---|---|---|---|
| वडा नं. ७ कार्यालय भवन | | ३१७५११० | ४१४७५३ |
| वडा नं. ५ कार्यालय भवन | | २९६४१६२ | १८४३३० |
| | जम्मा | | ५९९०८३ |

६३ **अग्ला टाकुरा खानेपानी आयोजना**

पालिकाले अग्ला टाकुरा खानेपानी आयोजनाको लागि निर्माण व्यवसायी दिप निर्माण सेवासँग रु.६०,००,१९०।० मा मिति २०८०।७।२३ मा कार्य सम्पन्न गर्ने गरी मिति २०८०।२।२३ मा सम्झौता गरी हालसम्म रु.४३,७५,६०७।० को कार्य भएको छ। यस वर्ष दोस्रो र तेस्रो रनिङ विलको रु.२९९०८५७।० भुक्तानी दिएकोमा हाल कार्य सम्पन्न हुन नसकी मिति २०८१।११।३० सम्म म्याद थप गरेको देखिन्छ। उचित कारण र आधार बेगर म्याद थप गरेको नियमसम्मत देखिएन।

**बिमा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा बाहेक रु. २० लाख भन्दा बढीको निर्माण कार्यमा त्रुटी सच्याउने अवधिसम्मको बिमा गर्नुपर्ने उल्लेख छ । पालिकाले मिति २०८१।११।३० सम्म अग्ला टाकुरा खानेपानी आयोजनाको म्याद थप गरेकोमा पालिकाले मिति २०८०।१२।२० सम्मको विमा अवधि पेस गरेको आधारमा तेस्रो रनिङ विल बाट बीमा बापत रु.५००००।० भुक्तानी दिएकोमा रु. ३१५५७।० को विल पेस गरेको छ । बाँकी रु.१८४४३।० को विल भरपाई पेस गरेको छैन। निर्माण कार्यको पुरा अवधिको बीमा गरी विल भरपाई नभएको रु.१८,४४३।० को विल भरपाई पेश गर्नुपर्ने अन्यथा असुल उपर गर्नुपर्ने रु. १८४४३।०

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,४४३ |

६४ **पार्क निर्माण**

लागत अनुमान रु.३०७०१०५.५२ भएको विपिन भण्डारी मेमोरियल पार्क निर्माण कार्य रु.१९९५३५९। मिति २०८१।३।१० मा कार्य सम्पन्न गर्ने गरी यारिङका निर्माण सेवा सँग मिति २०८०।१२।२८ मा संझौता भएको थियो।संझौता अनुसार काम सम्पन्न पश्चात भौ.३७-०८१।३।२३ बाट रु.१८५२८६५। भुक्तानी भएको छ। यस योजनालाई आएको वजेट र लागत अनुमान भन्दा कममा ठेक्का लागि निर्माण व्यवसायीलाई भुक्तानी पश्चात रहेको रु.१२१७२४०.५२ बाट पुन कोटेशन मार्फत काम लगाइ भौ.३७-०८१।३।२३ बाट श्री जि कन्ष्ट्रक्सन प्रा लि लाई रु.३८३५४६। भुक्तानी भएको छ।

६५ **सडक स्तर उन्नती**

लागत अनुमान रु.१९२०२९९।५३ भएको मिलनडाँडा सेताभिर हुँदै कालिनुवा गाउँ दार्मा जोड्ने सडक स्तरउन्नती कार्य रु.९५८५०३।४३ मिति २०८१।३।१० मा सम्पन्न गर्ने गरि खैरावाङ्गमाइ कन्ष्ट्रक्सन सँग मिति २०८१।१।१७ मा संझौता भएको थियो। काम पम्पन्न पश्चात निर्माण व्यवसायीलाई भौ.३८-०८१।३।२३ बाट रु.९२७१४५। भुक्तानी भएको थियो। यस योजनामा प्राप्त वजेट लागत अनुमान र संझौता अनुसार भुक्तानी भइ बचेको रकमबाट पुन कोटेशन मार्फत कार्य गराइ रोशन निर्माण सेवालाई रु.३३६९८७। भुक्तानी गरेको छ।

६६ **कन्टिन्जेन्सी खर्च**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७ )सँग सम्बन्धितव्यवस्था सोही नियमावलीकोअनुसूची-१ मा तोकिएको छ ।उक्त अनुसूचीमा निर्माणकार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खॅच २ प्रतिशत र सानातिना अन्यखर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिजेन्सी बापत थप गर्ने व्यवस्था रहेकोछ । कार्यालयले कन्टिन्जेन्सी खर्चतर्फ मस्टरोलबाट काम गरेको उल्लेख गरी रु.३१३०००। गाडी भाडामा, रु.२१४७७८, मसलन्दमा, रु.१२२०००। अनुगमनमा र रु.८२०००। विविधमा समेत यस वर्षरु.७३१७७८। कन्टीन्जेन्सी खर्च गरेको छ ।

६७ **प्राविधिक विल र कार्य सम्पन्नः** (३७९-२०८१-१-१२):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले गोश्वारा भौचर नम्बर ३७९ मिति २०८१।१।१३ बाट वडा नं. १२ को सौचालयको छतमा पक्की ढलान, झ्यालको शिसा फिटिङ तथा च्यानल गेट निर्माण गर्दा लागत अनुमान तयार नगरी प्राविधिक विल र कार्यसम्पन्न प्रतिवेदन वेगर वडा सचिव पहल बहादुर वलीलाई रु. २५०००० भुक्तानी दिएको पाइएकोले प्राविधिक विल र कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५०,००० |

६८ **लागत अनुमान तयार नगरेको :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ बमोजिम एक लाखभन्दा माथिको खरिद वा निर्माण कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्दछ। पालिकाले अधिकांश खरिदमा लागत अनुमान तयार नगरी खरिद कार्य गरेको देखियो। उक्त खर्च मितव्ययी र नियमसम्मत देखिएन। लागत अनुमान तयार गरी मात्र खरिद प्रकृया सुरु गर्नुपर्दछ। यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| **भौ.नं/मिति** | **आपुर्तिकर्ता** | **खरिद कार्य** | **भुक्तानी रकम** |
|---|---|---|---|
| १५९।०८०।९।७ | पशुपति सप्लायर्स | मसलन्द तथा कार्यालय सामग्री | ३०३७४४ |
| ४१०।०८१।१।२८ | सिस्ने पुस्तक भण्डार | मसलन्द तथा कार्यालय सामग्री | ७४९८४९ |
| ४७९।०८१।२।३१ | टोपेन्द्र कला केन्द्र | १८ थान होर्डिङ बोर्ड | ३०६२३० |
| १६४।०८०।९।८ | सिस्ने पुस्तक भण्डार | मसलन्द तथा कार्यालय सामग्री | २८१३०० |

६९ **सफ्टवेयर खरिद र परिचालन :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यक्ताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र यकिन गरी लागत अनुमान तयार गरेर विभिन्न सफ्टवेयरहरुमा गत वर्षसम्म रु.४३ लाख भुक्तानी गरेकोमा यस वर्ष मर्मतमा रु.३७९०००।समेत हालसम्म रु.७८२०००। भुक्तानी भएको छ।सफ्टवेयर खरिदको आवश्यक्ता यस्तो लागत अनुमान त्यसको पूर्ण प्रयोग, उक्त सफ्टवेयर संचालनको स्वीकृति र सफ्टवेयर अडिट गरेको छैन।उक्त सफ्टवेयर प्रयोगमा आन्तरिक जनशक्ति परिचालन भन्दा पनि बाह्य परामर्श दाता माथि निर्भर रहेको छ। तसर्थ यस्ता सफ्टवेयर खरिद प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसंग आबद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।सफ्टवेयर खरिदको आवश्यक्ता यस्तो लागत अनुमान त्यसको पूर्ण प्रयोग,उक्त सफ्टवेर संचालनको स्वीकृति र सफ्टवेयर अडिट गरेको छैन। उक्त सफ्टवेयर प्रयोगमा आन्तरिक जनशक्ति परिचालन भन्दा पनि बाह्य परामर्श दाता माथि निर्भर रहेको छ। तसर्थ यस्ता सफ्टवेयर खरिद प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसंग आबद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।सफ्टवेयर खरिदको अवस्था

| क्र सं | कार्यक्रमको नाम | खरिद वर्ष | खरिद संस्था | खरिद खर्च | यस आ व को बार्षिक मर्म | हाल सम्मको मर्मत |
|---|---|---|---|---|---|---|
| १ | डिजिटल प्रोफाइल सहितको स्मार्ट पालिका बागचौर | २०७७ | स्मार्ट पालिका प्रा लि | २० लाख | २८०००० | ५६०००० |
| २ | योजना (PMIS) | २०७६ | मालिका इन्फोसिस एण्ड सर्भिसेस प्रा. लि | ३ लाख | ९९००० | २२२००० |
| ३ | ई हाजिरी | २०७९ | आयन इन्फोसिस | ५ लाख | ० | ० |
| ४ | दर्ता चलानी(इसिफारिस) | २०७७ | साथी सफ्ट | ५ लाख | ० | ० |
| ५ | घर नक्सा पास तथा अभिलेखिकरण कार्य, व्यवस्थापन तथा उद्योग सम्वन्धी डिजिटल इ-पालिका | २०८० | टेकवर्क ग्रुप अफ कम्पनी नेपालगन्ज | १० लाख | ० | ० |

७० **सम्पत्तिको लेखांकन तथा प्रतिवेदन :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७८ मा कार्यालयले आफूले खरिद गरेको, निर्माण गरेको वा अन्य कुनै माध्यमबाट प्राप्त गरेको चल अचल मालसामान तथा सम्पत्ति मूल्य खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था छ। सरकारी सम्पत्तिको अभिलेख राख्ने प्रयोजनको लागि महालेखा नियन्त्रकको कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) नामको कम्प्यूटर सफ्टवेयर तयार गरी २०७८।७९ देखि अनिवार्य रुपमा प्रयोग गर्ने गरी लागू गरेको छ। २०७८।७९ देखि जिन्सी अभिलेख म्यानुअल (रजिष्टर) मा राख्न नमिल्नेमा वडा तथा शाखाहरुबाट सामान खरिद गर्ने वर्षभरिमा खर्च भएर जाने र नजाने प्रकृतिका के कति सामान खरिद गरेको छ भन्ने सम्बन्धमा यकिन गर्न सकिएन। यसवर्ष खरिद भएका निम्न सामानहरु जिन्सी दाखिला नगरी भुक्तानी भएकोले PAMS मा जिन्सी दाखिला गरी प्रमाण पेश गर्नुपर्ने रु.

| गोभौनं।मिति | भुक्तानी | खर्च विवरण | रकम |
|---|---|---|---|
| २१२।०८०।१०।१९ | सिउधन खत्री | दराज टेवल खाट कुर्सि लगायतका सामग्री | १३६२५० |
| ३७९।०८१।१।१३ | पहल बहादुर वली | फिल्टर हिल ट्यांकीलगायतका सामग्री | ४५५४० |
| **जम्मा** | | | **१८१७९०** |

| प्रमाण पेश नगरेको | १,८१,७९० |
|---|---|

७१ **भाडामा दिएको/लिएको सम्पत्ति अभिलेख किताब :**

भाडामा प्रयोग भएका सामानहरुको आय व्ययको नियण्त्रण र अभिलेख राख्न मलेप फारम नं ४१६ को ढाँचामा अभिलेख किताब राख्नुपर्ने व्यवस्था छ । पालिकाले स्पष्ट प्रयोजन नखुलाई कार्यालय प्रयोजन भनि यस वर्ष घर भाडामा रु.१० लाख ९२ हजार खर्च गरेको छ भने पालिकामा पिकअप १थान र स्कार्पियो १ थान गरी २ वटा गाडी सञ्चालनमा रहि इन्धन तथा मर्मत भाडा खर्च भइरहेको अवस्थामासमेत गाडी भाडाबापत रु. ३९ लाख ५१ हजार खर्च गरेको छ। पालिकाले सम्पत्ति अभिलेख किताब नराखेकोले भाडामा भएको खर्च रकम नियन्त्रण भएको देखिएन। साथै कार्यालयले स्पष्ट प्रयोजन खुलाएर भाडा सम्झौता गरी स्वीकृत मलेप फारम प्रयोग गरी भाडामा लिएको खर्चको नियण्त्रण तथा अभिलेख राख्नुपर्दछ।

७२ **फरक खर्च शिर्षक :**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७२(२) मा गाउँपालिका तथा नगरपालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शिर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने र दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत

सिमा र शिर्षक वाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ। तर पालिकाले नियमानुसार खर्च भुक्तानी गर्दा फरक खर्च शिर्षकबाट भुक्तानी गरेको पाइयो। रकम भुक्तानी गर्नु अघि रकमान्तर समेत नगराइ देहाय अनुसार फरक खर्च शिर्षकबाट भुक्तानी भएको अनियमित रु.

| गोभौनं।मिति | विवरण | खर्च लेखेको शिर्षक | खर्च लेख्नुपर्ने शिर्षक | रकम |
|---|---|---|---|---|
| ५३३।०८१।३।१४ | श्री मां वैष्णवी मेटल स्टोर | सिप विकास तथा जनचेतना तालिम सम्बन्धी खर्च | अनुदानमा प्लाष्टीक टनेल खरिद | २३१००० |
| ५६०।०८१।३।२३ | राप्ती एग्रो सेन्टर | | अनुदानमा विउ विजन खरिद | १९९७५० |
| **जम्मा** | | | | **४३०७५०** |

| | |
|---|---|
| अनियमित भएको | ४,३०,७५० |

७३ **अन्य कार्यालयको खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। स्थानीय तहले यो वर्ष विभिन्न कार्यालयको कार्यालय व्यवस्थापन खर्चका लागि रु.१३५७८७।०० भुक्तानी गरेको छ। पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा बाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन। पालिकामा यस्तो प्रकृतिको खर्चले थप व्ययभार बढदै जाने देखिन्छ। यस्तो प्रकृतिको खर्चमा नियन्त्रण हुनुपर्दछ।

| क्र सं | कार्यालय वा संस्थाको नाम | कामको प्रकृति | भुक्तानी रकम |
|---|---|---|---|
| १ | इलाका प्रहरी कार्यालय | गाडी मर्मत | ९०७८७ |
| २ | इलाका प्रहरी कार्यालय | सोलार पम्प जडान | ४५००० |

७४ **अवलोकन भ्रमणः**

पालिकाले पालिकाका कर्मचारी तथा पदाधिकारीहरु १४ जनालाई वागलुङ्ग, मुस्ताङ, कास्की र अर्घाखाची भ्रमणकोलागि प्रस्ताव पेश गरेकोमा १७ जनालाई मिति २०८१।२।२१-२।२७ सम्म भ्रमण गराइ भ्रमण भत्ता भुक्तानी गरेको अवस्थामा रु.३४७००। खाजा खर्च गरेको पाइयो। भ्रमणमा जाँदा मितव्ययी तवरले खर्च गर्नु पर्नेमा भ्रमणको लागि ३ गाडी प्रयोग गरी इन्धनमा रु.७८०४३। र २ वटा गडीभाडामा रु.९८०००। खर्च गरेको पाइयो। ३ वटा गडीभन्दा कम भाडा र सवैलाइ सहज हुने १ सवारी भाडामा लिइ मितव्ययी तरिकाले भ्रमण नगरी बढी सवारी प्रयोग गर्दा इन्धन र भाडामा बढी भुक्तानी भएको देखिन्छ।

७५ **भ्रमण खर्च:**

पालिकाले यस वर्ष भ्रमण खर्च शिर्षकबाट दैनिक भ्रमण भत्तामा रु. ३२ लाख १७ हजार खर्च गरेको छ भने पदाधिकारीहरुको दैनिक भ्रमण भत्ता खर्च पदाधिकारी अन्य सेवा सुविधा शिर्षकबाट खर्च गरेको छ। कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .

• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको।

• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको।

• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित कर्मचारीहरुलाई खर्च भुक्तानी गर्ने गरेको।

• भ्रमण आदेशहरु दर्ता हुने गरेको देखिएन।

• सात दिनभन्दा बढी अवधिको भ्रमणमा स्पष्ट कारण नखुलाई र म्याद थपसमेत नगरी भुक्तानी गर्ने गरेको।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखिय। त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ।

७६ **विद्युत महशुलः**

पालिकाले वडा नं १०को विद्युत महसुलको लागि कार्यक्रममा रु.२०००००। वागचौर नगरपालिका वडा नं १० नगरवासिका लागि २० यूनिट वा ३० रुपया सम्म विद्युत महशुल छुट कार्यक्रम संचालन कार्यविधि २०८० बनाइ सोही कार्यविधिलाई टेकेर नेपाल विद्युत प्राधिकरण सँग मिति २०८०।१२।१२ मा असार मसान्त सम्मको लागि संझौता भएको पाइयो। संझौता अनुसार ३४२ वडा वासी लाई संझौता अवधि बाट ४ महिनाको रु.३०। का दरले रु.४१०४०। भुक्तानी हुनु पर्नेमा भौ ३८६-०८१।१।२० बाट विद्युत प्राधिकरणलाई १९ महिलाको ३४२ घरको रु.३० का दरले रु.१९४९४०।भुक्तानी भएको छ। पालिकाले पुँजिगत खर्चलाई ध्यान दिनु पर्नेमा यस प्रकारको वितरण मुखी कार्यमा वडाको लागिमात्र कार्यविधि वनाइ खर्च गरिनु उचित देखिएन। यस प्रकारको कार्यविधि वनाएर खर्च गरिन नियन्त्रण गरिनु पर्दछ।यस आ.बमा समेत बजेटको व्यवस्था गरेको पाइयो।

७७ **वितरण भरपाई:** (५७५-२०८१-३-२०):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले गोश्वारा भौचर नम्बर ५७५ मिति २०८१।३।२० बाट निर्मला कुमारी वलीलाई साबुन/सरफ १२८/१२८ पिस र अण्डा १८ गल्ला र २९ क्यारेट सुनौला हजारदिनका आमाहरुलाई वितरण गर्न खरिद गरेको भनि रु.८०००० भुक्तानी गरेकोमा वितरण गरेको भरपाई पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८०,००० |

७८ **पार्टी पेमेन्ट :**

सरकारी कारोबार निर्देशिका, २०७६ को दफा ५६ बमोजिम सरकारी कोषबाट रकम भुक्तानी गर्दा सम्बन्धित व्यक्ति, फर्म वा निकायको नाममा एकाउन्ट पेयी चेकबाट वा सोझै बैंक खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ ।पालिकाले निम्नानुसारको भुक्तानी गर्दा सम्बन्धित पार्टीको नाममा भुक्तानी नगरी कर्मचारी वा पदाधिकारीको नाममा भुक्तानी दिएको देखियो। सरकारी कारोबार निर्देशिका बमोजिम सम्बन्धित व्यक्ति वा फर्मको नाममा भुक्तानी गरिनु पर्दछ।

| **गो.भौ.नं।मिति** | **कार्यक्रम** | **हुनुपर्ने भुक्तानी** | **भएको भुक्तानी** | **रकम** |
|---|---|---|---|---|
| ४५३।०८१।२।२१ | ३५ थान फिल्टर खरिद | किशोर इलेक्ट्रोनिक्स | भिम बहादुर वली | ९५०२५ |
| ४७२।०८१।२।३० | नगर प्रहरी तालिम | कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र सुर्खेत | सुनिल कुमार शाह | ३२०२४१ |
| ४९७।०८१।३।५ | ४३ थान टाट्नो खरिद | झिमरुक ग्रिल उद्योग | शोभाराम खड्का | २३८६७४ |
| ५७७।०८१।३।२१ | विउविजन खरिद | मनकामना एग्रोभेट सेन्टर | पुष्पराज वली | १३०००० |

७९ **स्वकीय सचिव र सल्लाहकार खर्च :**

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७७ मा स्वकीय सचिव र सल्लाहकार राख्न पाउने व्यवस्था छैन। त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपर्ति गर्न नहुने उल्लेख छ। तर पालिकाले देहायबमोजिम सचिवालय प्रमुख, सचिवालय सहायक र प्रेस सल्लाहाकार नियुक्त गरि यस वर्ष रु. १३ लाख ६ हजार ९ सय ४२ रुपैयाँ खर्च गरेको अनियमित देखिएको रु.

| क्र.सं. | नाम थर | पद | रकम |
|---|---|---|---|
| १ | केशव चन्द | सचिवालय प्रमुख | ४५१४९० |
| २ | भोपेन्द्र बस्नेत | सचिवालय सहायक | ४२७७२८ |
| ३ | सन्जिव देवकोटा | प्रेस सल्लाहकार | ४२७७२८ |
| **जम्मा** | | | **१३०६९४२** |

| | |
|---|---|
| अनियमित भएको | १३,०६,९४२ |

८० **स्तरवृद्धिः**

नेपालको संविधान २०७२ को धारा २२७ मा गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुने व्यवस्था छ ।स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६(१) मा स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने व्यवस्था छ। संविधानको व्यवस्था बमोजिम नगरपालिकाका कर्मचारी सम्बन्धी प्रदेश कानून हाल निर्माण भई लागु भएको छैन। प्रदेश कानून नै स्वीकृत नभएको अवस्थामा बागचौर नगरपालिकाले कर्मचारी समायोजन ऐन, २०७८ व्यवस्था गरी पालिकामा स्थायी पदमा कार्यरत कर्मचारीको हकमा संघीय सरकारले गरेको संगठनिक संरचना बमोजिम कायम गर्न क्रमश: सहायकस्तर चौथोलाई सहायकस्तर पाचौ र अधिकृतस्तर छैठौलाई सातौ तहमा स्तरवृद्धि गरेको नियमसम्मत देखिएन।

| स्तर वृद्धि भएको तह | निर्णय मिति | कर्मचारी संख्या |
|---|---|---|
| अधिकृतस्तर छैठौबाट अधिकृतस्तर सातौ | २०७८।७।१ | १ जना |
| सहायकस्तर चौथोबाटसहायकस्तर पाँचौ | २०७८।७।१ | १ जना |

८१ **तालिम गोष्ठी सेमिनार**- (५३१-२०८१-३-१४):

कार्य सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद ७.१.१५ मा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिमका श्रोत व्यक्ति/प्रशिक्षकको पारिश्रमिक नगरपालिकास्तरको अधिकृतस्तरको तालिममा कार्यपत्रबापत रु.१००० र कक्षा सञ्चालनबापत रु.६०० खर्च लेख्न सकिने व्यवस्था छ भने प्रतिवेदकको पारिश्रमिक रु.३००० भन्दा बढी हुन नहुने उल्लेख छ। परामर्श सेवाको लागि लागत अनुमान तयार गर्दा काम गर्न लाग्ने वास्तविक परिमाण र अवधिको आधारमा तयार गरी सोहि परिमाण र अवधिको लागि पारिश्रमिक भुक्तानी गर्नुपर्नेमा सो अनुसार लागत अनुमान तयार नगरी परामर्शदाताले बढी दर राखी पेश गरेको प्रस्तावना स्वीकृत गरी गोश्वारा भौचर ५३१ मिति २०८१।३।१४ बाट स्पेस (पहिचानको खोजी) लाई Arts in Education सम्बन्धी ५ दिने तालिम संचालन गरेवापत प्रशिक्षक भत्ता ५ दिनको अधिकतम सेसन २० को रु.३२००० हुनुपर्नेमा रु.१००००० र प्रतिवेदकलाई रु.३००० हुनुपर्नेमा रु.२०००० भएकोले रु.८५००० बढी भुक्तानी गरेको पाइयो। निर्देशिकामा उल्लेख भए भन्दा बढी खर्च लेखेकाले बढी व्ययभार परेको रु.

| | |
|---|---|
| अनियमित भएको | ८५,००० |

८२ **कृषी पशु अनुदानः**

कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ। यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ। सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस मन्त्रालय/पालिकावाट १५८ जनाको लागि रु.१२७३०००। खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ।

यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ।

| क्रम | अनुदानको किसिम | व्यक्ती संख्या | भुक्तानी रकम | पालिकाको अंश | कृषकको अंश |
|---|---|---|---|---|---|
| १ | तरकारी बालि पकेट विकास कार्यक्रम | १५० घर धुरी | ४९८००० | ४८३००० | ९८१००० |
| २ | साना सिंचाइ प्रवर्द्धन कार्यक्रम | ६ फर्म १ समुह १ सहकारी | ७७५००० | ७७५००० | १५५०००० |
| | **जम्मा** | | १२७३००० | १२५८००० | २५३१००० |

८३ **कृषी पशु अनुदान**

कृषी पशु अनुदानः कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ। यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ। सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस मन्त्रालय/पालिकावाट १५८ जनाको लागि रु.१२७३०००। खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ।

| क्रम | अनुदानको किसिम | व्यक्ती संख्या | भुक्तानी रकम | पालिकाको अंश | कृषकको अंश |
|---|---|---|---|---|---|
| १ | तरकारी बालि पकेट विकास कार्यक्रम | १५० घर धुरी | 498000 | 483000 | 981000 |
| २ | साना सिंचाइ प्रवर्द्धन कार्यक्रम | ६ फर्म १ समुह १ सहकारी | 775000 | 775000 | 1550000 |
| | **जम्मा** | | 1273000 | 1258000 | 2531000 |

८४ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ। यस पालिका अन्तर्गतका ६ बर्थिङ सेन्टरमा गत वर्ष ५७ थान र यस वर्ष ६०० थान को रु.५९८६७४। खरिद गरेकोमा ४०३ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ। पालिकाको भण्डारमा खरिद गरिएका २५४ थान रु.२५३४३८।न्यानो झोला मौज्दातमा रहेका छन्। खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

८५ **औषधि खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। यसवर्ष पालिकाले ससर्त बजेट बाट रु.१५८६२४५। र समानिकरण बजेट बाट रु.९९५५६५।गरी रु.२५८२८१०।को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको

छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

## ८६ विद्यालयको अनुगमन नियमन व्यवस्था

स्थानीय रकार सञ्चालन ऐन, २०७४ को दफा ११ वमोजिम माध्यमिक तहसम्मका विद्यालय सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धी कार्य सम्वन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन सम्वन्धी मापदण्ड तयार गरेको छैन। जसबाट विद्यालय अनुगमन कार्य प्रभावकारी रुपमा सञ्चालन हुन नसक्ने र विद्यालयहरुले सञ्चालन गरेको शैक्षिक कार्यकलापको वस्तुनिष्ठ अवस्थाको एकिन गर्न नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने र विद्यालयको कार्यसम्पादनका आधारमा कार्यक्रम वितरण गर्नेतर्फ ध्यान दिनुपर्दछ।

## ८७ विद्यालयगत निकासा खाता

विद्यालय कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था अनुसार पालिकाले प्रत्येक विद्यालयको स्थायी, करार र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अधावधिक गरी राख्नुपर्ने व्यवस्था छ। पालिकाले विद्यालयगत निकासा खाता तयार गरेको देखिएन। यसबाट निकासाका रुपमा जाने तलब, भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिति स्पष्ट हुने गरी भिडान गर्न सकिएन। अतः विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ।

## ८८ शिक्षक विद्यार्थी अनुपात

शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम ७७ को उपनियम (१) बमोजिम विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।८१ मा केहि विद्यालयहरुको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम रहेको छ।

| सि.न | विद्यालयको नाम र ठेगाना | शिक्षक सङ्ख्या | विद्यार्थी सङ्ख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | श्री जनकल्याण माद्यमिक विद्यालय, थारम | २६ | ९४८ | १:३७ |
| २ | श्री सरस्वती सदन आधारभुत विद्यालय, गैरागाउँ | २ | १९ | १:१० |
| ३ | श्री बालकल्याण माध्यमिक विद्यालय, कोटबारा | १३ | ४२६ | १:३३ |
| ४ | श्री सरस्वती माध्यमिक विद्यालय, शिवरथ | १४ | १०९९ | १:७९ |
| ५ | श्री शारदा आधारभुत विद्यालय, मोख्ला | १ | ८ | १:८ |
| ६ | श्री विरेन्द्र आधारभुत विद्यालय, डाँगीगाउँ | ३ | ५० | १:१७ |
| ७ | श्री बालबोध आधारभुत विद्यालय, ठूलागाडाँकोट | ५ | १२९ | १:२६ |
| ८ | श्री दुर्गा सरस्वती माध्यमिक विद्यालय, बाफुखोला | ११ | ८०३ | १:७३ |
| ९ | श्री अमरज्योती माध्यमिक विद्यालय, चौरपानी | ७ | २३८ | १:३४ |
| १० | श्री विजया आधारभुत विद्यालय, खाली | ४ | ९३ | १:२३ |
| ११ | श्री सरस्वती माध्यमिक विद्यालय, जामुनेचौर | ४ | २६८ | १:६७ |
| १२ | श्री शिशुकल्याण माध्यमिक विद्यालय, हारीचार | ६ | २३४ | १:३९ |
| १३ | श्री बालकल्याण आधारभुत विद्यालय, दहरखोला | ५ | १२० | १:२४ |
| १४ | श्री सरस्वती आधारभुत विद्यालय, भाटभिटे | ४ | ८४ | १:२१ |
| १५ | श्री शारदा आधारभुत विद्यालय, रानीसल्ला | २ | ३६ | १:१८ |
| १६ | श्री बालजागृत आधारभुत विद्यालय, ओख्रेनी | २ | ६१ | १:३२ |
| १७ | श्री जनता आधारभुत विद्यालय, खोरबारे | ४ | ९८ | १:२५ |
| १८ | श्री जनसेवा आधारभुत विद्यालय, दारिमबोट | ३ | ३७ | १:१८ |
| १९ | श्री जनता आधारभुत विद्यालय, स्यालागाउँ | २ | २६ | १:१३ |
| २० | श्री सुर्योदय आधारभुत विद्यालय, खस्रु | १ | २६ | १:२६ |
| २१ | श्री महादेव आधारभुत विद्यालय, कोटवेत | १ | १४ | १:१४ |
| २२ | श्री त्रिवेणी आधारभुत विद्यालय, ठाटीचौर | ३ | ४६ | १:१५ |
| २३ | श्री शहिद भरतस्मृति आधारभुत विद्यालय, सिर्पा | ४ | १८१ | १:४५ |
| २४ | श्री गाउँवेसी आधारभुत विद्यालय, वाफुखोला | १ | ९५ | १:९५ |
| २५ | श्री जनहित आधारभुत विद्यालय, चौपारी | १ | १०७ | १:१०७ |

उपरोक्त विवरण अनुसार पालिकामा शिक्षक विद्यार्थी अनुपात अधिकतम १:१०७ देखि न्युनतम १:८ सम्म रहेको देखिन्छ। IEMIS विवरण अनुसार पालिकाको ६८ वटा सामुदायिक विद्यालयको औषत शिक्षक विद्यार्थी अनुपात १:२३ रहेको देखिन्छ। पालिकाले IEMIS अनुसारको विद्यार्थी विवरणको सत्यापन गरी आवश्यकता र औचित्य समेतलाई विचार गरी प्रचलित कानून बमोजिम विद्यालय समायोजन, तल्लो कक्षामा घट्वा एंव शिक्षक दरबन्दी मिलान तर्फ विशेष ध्यान दिनुपर्दछ।

## ८९ शैक्षिक सुधार कार्यक्रम

संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) अन्तर्गत यस वर्ष रु ९०,००,००० बजेट व्यवस्था भएको र पालिकाले शैक्षिक गुणस्तर सुधारका लागि दुइवर्षे २०८०/०८१-२०८१/०८२ शैक्षिक योजना निर्माण गरी कार्यान्वयनका लागि शैक्षिक सुधार कार्यक्रम निर्देशिका, २०८० मिति २०८०/१०/०९ को नगर कार्यपालिकाबाट स्वीकृत गरेको छ । निर्देशिकामा गुणस्तरीय शिक्षा प्रणाली कायम गर्नका लागि विद्यालयमा सिकाईमुलक तथा नतिजामुखि गुणस्तरीय शैक्षिक क्रियाकलापहरु सञ्चालन गरिने योजना बनाएको र त्यसका लागि आधुनिक शिक्षण विधि, विद्यालयको प्रभावकारी मुल्याङ्कन, अनुगमन तथा सुपरीवेक्षण गरी आवश्यक पृष्ठपोषण मार्फत शैक्षिक उपलब्धी हासिल हुने उल्लेख छ। पालिकाले वर्षान्तमा निर्देशिका बमोजिमका कार्यहरु सञ्चालन गरी रु ८९,६७,१३० खर्च गरेको छ। उक्त रकम मनोसामाजिक तथा मानसिक स्वास्थ्य सेवालाई प्रभावकारी रुपमा संचालन गर्ने, कार्यालय तथा पुस्तकालय व्यवस्थापन, प्रविधिमैत्री सिकाई सामग्री खरिद (ल्यापटप, सिसि क्यामरा, साउण्ड सिस्टम), विद्यालय अनुगमन र सहजीकरण, साक्षरता कार्यक्रमका लागि शिक्षक तालिम र विद्यार्थी अक्षर सुधार कार्यक्रम गरी ९ वटा क्रियाकलापका लागि अनुदानमा खर्च भएको देखिन्छ। तर यस प्रकारका कार्यक्रम र भएको खर्चबाट विद्यालयहरुको शैक्षिक सुधार, गुणस्तर सुधारमा भएको परिवर्तन, प्रविधीमैत्री सिकाई सामग्रीहरुको कक्षामा प्रयोग र त्यसको प्रभावकारीता, मुल्याङ्कन, निरीक्षण र सुपरीवेक्षणको औचित्य समेत स्पष्ट छैन। खर्च उन्मुख योजनामामात्र खर्च नगरी परिणाम र दिगो प्रतिफलमुखि योजना बनाई कार्यन्वयनतर्फ विशेष ध्यान दिई विद्यालयको गुणस्तर सुधार हुने, शिक्षण सिकाई प्रकिया प्रविधिमैत्री हुने र दिगो रुपमा सिकाई उपलब्धी वृद्धि हुने क्रियाकलापमामात्र पालिकाले खर्च गर्नुपर्दछ।

## ९० **स्यानिटरी प्याड**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३) मा कुनै पनि सामान खरिद गर्दा खरिद आवश्यकताको पहिचान, विवरण, परिमाण र क्षेत्र ऐकिन गर्नुपर्ने, खरिद योजना तयार, खरिद लागत अनुमान तथा खरिद विधिको छनौट गरी खरिद गर्नुपर्ने र कार्यक्रम कार्यन्वयन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं २.७.१३.२३ मा सामुदायिक विद्यालयको कक्षा ६-१२ मा अध्ययनरत छात्रा विद्यार्थीको सङ्ख्या एकिन गरी मापदण्ड बमोजिम वार्षिक १० महिनाको लागि नि:शुल्क स्यानीटरी प्याडको व्यवस्थापन गर्ने र सो को अनुगमन स्थानीय तहले गर्नुपर्ने व्यवस्था छ । पालिकाले सामुदायिक विद्यालयका २६६२ छात्रा विद्यार्थीका लागि ३३,८२४ थान स्यानीटरी प्याडका लागि गोश्वारा भौचर नं २४९-२०८१।०३।१४ बाट मूल्य अभिवृद्धि करसहित ३०,००,००० को लागत अनुमान मूल्यमा बोलपत्र बिधिबमोजिम एञ्जल टच हाइजिन म्यानुफ्याक्चरिङबाट प्रति स्यानीटरी प्याड रु २२.६९ (मूल्य अभिवद्धि करसहित) का दरले रु ७,६७,४८० मा खरिद गरी भुक्तानी दिएको छ। खरिद गरेकोमध्ये ३२,०६४ स्यानीटरी प्याडमात्र वितरण गरेको भरपाई पेश गरेकोले बाकि १७६० स्यानीटरी प्याडको रु ३९,९३५.१० को वितरण गरेको भरपाई प्रमाण पेश गर्नुपर्ने रु ३९,९३५.१०

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३९,९३५.१ |

## ९१ **शिक्षण सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी अनुदान**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **१,६०५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## ९२ **निशुल्क शिक्षा**

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ। शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ। यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम

पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ। यस पालिका भित्र ६ वटा बोर्डिङ्ग स्कुल भएकोमा समय समयमा अनुगमन गर्ने गरेता पनि छात्रवृद्धिको सम्बन्धमा अनुगमन गरेको पाइएन।

९३ **नन्-फाइलरः**

मूल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मू.अ.करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयले विभिन्न फर्महरुबाट सार्वजनिक कार्य गराउँदा उक्त फर्महरुले आयकर चुक्ता प्रमाण पत्र प्राप्त गरे नगरेको साथै मू.अ.कर समायोजन गर्न बाँकी रहे नरहेको यकिन गरेर मात्र काम गराउनु पर्ने व्यवस्था रहेको छ। पालिकाले भुक्तानी गरेको फर्मको स्थायी लेखा नम्बरलाई आन्तरिक राजश्व बिभागको वेभ साईटमा खर्च गर्दा मूल्य अभिबृद्धि करमा NON-FILLER रहेको पाइयो। यसरी भुक्तानी पाउने फर्म लेखापरीक्षण अबधिसम्म VAT Non-Filler रहेकोले उक्त फर्महरुले प्राप्त गरेको मू.अ.कर बापतको रकम सम्बन्धित कर कार्यालयमा बुझाएको वा समायोजन गरेको यकिन हुन सकेन। यसरी भुक्तानी भएको कर चुक्ता र मू.अ.कर समायोजन भएको प्रमाण पेश गर्नु पर्ने रु.

| सि.नं. | गो.भौ./मिति | निर्माण ब्यबसी/ सप्लाईकर्ता फर्म | बापत | बिजक नं./मिति | भ्याट बाहेक भुक्तानी | मू.अ.कर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| **ब.उ.शि.नं.**८०६६०४०२००१ | | | | | | | |
| १ | ४१०। ०८१।१। २८ | सिस्ने पुस्तक भण्डार(३०५६३२४६७) | मसलन्द तथा कार्यालय सामाग्री खरिद | २६९,२७० र २७१। ०८१।१।१२ | ६६३५१२.०० | ८६२६५.०० | NON-FILLER since 2080/T/3 |
| २ | ४९७। ०८१।३।५ | झिमरुक ग्रिल उद्योग(६००६९८९६२) | बाख्रालाई घास राख्ने टाट्नो | ६०।०८१।१३० | २११२११६ | २७४५८ | |
| ३ | ४९७। ०८१।३।५ | साथी सफ्ट प्रा.ली. (६०९६४९०४४) | सेन्ट्रलाज दर्ता चलानी | १७।०८१।३।२ | २२०००० | २८६०० | |
| ४ | ५२६। ०८१।३। १३ | सिस्ने पुस्तक भण्डार(३०५६३२४६७) | पन्चेबाजा ३ सेट खरिद | ३४०।२०८१।३।६ | २६५२०० | ३४४७६ | |
| जम्मा | | | | | ३२६०८२८ | १७६७९९ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,७६,७९९ |

९४ **भुक्तानीमा करकट्टीः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **४,५४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **१,४९६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **१,९७३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

**९५ प्रधानमन्त्री रोजगार कार्यक्रम -**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १२ वडामा ४ योजना सञ्चालन गरी यस वर्ष ४० जनालाई औसत १०० दिनले ४००० दिन रोजगारी उपलव्ध गराई रु.१९३००९७। श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन।पालिकाले योजना छनौट गर्दा दिर्घकालिन हुने खालको पालिकासँग समन्वय गरेर सामान पालिकाको बजेट बाट खर्च गर्ने र श्रमको भाग प्रधानमन्त्री रोजगार बाट खर्च गर्नेगरी संयुक्त लगानी समेत गर्न सक्दछ। पालिकाले अधिकाम्स योजना कच्ची नाला खर्ने र बाटो विस्तार कार्य गरेको पाइयो। पालिकाको व्याकहो लोडर, टिपर तथा रोलर समेत छ। पालिकाले पालिकाभित्र भएका मेसिनरी औजारको अधिकतम प्रयोग गर्नु पर्नेमा मानिसबाट काम गराउनु औचित्य पूर्ण देखिएन। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

**९६ मुख्यमन्त्री रोजगार कार्यक्रम**

पालिकाले मुख्य मन्त्री रोजगार कार्यक्रम अन्तर्गत ११ वडामा कार्यक्रम संचालन गरी २४५ जनालाई ११०२० दिन रोजागार दिइ ज्यालामा रु.७७९३७७१। समेत रु.१५७०३९५८। खर्च गरेको पाइयो।

९६.१ मुख्य मन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय को मिति २०८१।२।६ को पत्र अनुसार आयोजना अनुसारको आयोजनाको कुल लागतको पारिश्रमिक र सामाग्री खरिदको प्रतिशत छुट्याएको पाइयो। तर पालिकाले निम्ना ञनुसारा योजनामा सो परिपत्र भन्दा कम ज्यालामा खर्च गरी सामान खरिद गरेको पाइयो।श्रमदान गरी रोजगारी सृजना गर्ने उदेश्यले संचालनमा आएको कार्यक्रममा सामान बढी खरिद हुँदा कार्यक्रमको उद्देश्य पुरा नहुने हुँदा मुख्य मन्त्री रोजगार कार्यक्रम कार्यान्वयन कार्यविधिको पालना गरिनु पर्दछ।

| क्र सं | योजनाको नाम | गरेको काम | ज्याला | ज्याला प्रतिशत | परिपत्र अनुसार श्रम र ज्याला प्रतिशत |
|---|---|---|---|---|---|
| १ | मा वि बनेचौर फिल्ड निर्माण तथा घेराबारा | १४६१९९८ | ३११७४५ | २१.३१ | ५०/५० |
| २ | राप्ती राजमार्ग देखी मिलनडाँडा सेतभिर जोड्ने सडक स्तरउन्नती | १४६३४७७ | ६४४८३९ | ४४ | ५०/५० |
| ३ | जेष्ठ नागरिक मिलन केन्द्र भवन निर्माण | १२८९५०३ | ४७०१३७ | ३६.४५ | ६०/४० |

९६.२ मुख्य मन्त्री रोजगार कार्यक्रम कार्यान्वयनको च नं ६९८ मिति २०७८।८।२६ को परिपत्रको बुँदा नं ५ मा सम्वन्धित जिल्लाको जिल्ला दररेट वा स्थानिय दररेट वा प्रधानमन्त्री रोजगार कार्यक्रममा पाउने ज्यालादर मध्ये कुनै एक दररेट अनुसार श्रमिक पाउने ज्याला कायम गर्न सकिने व्यवस्था छ।पालिकाले मुख्यमन्त्री रोजगार कार्यक्रम संचालनमा पालिका/जिल्ला दरको प्रयोग गरेको पाइयो। पालिकाबाट संचालित ११ वटा कार्यक्रममा जिल्ला दर प्रयोग गर्दा रु.७७९३७७१। ज्याला भुक्तानी गरेको पाइयो। सोही योजनामा प्रधानमन्त्री रोजगार कार्यक्रमको ज्याला रु.६६८। का दरले भुक्तानी गर्दा रु.७२४३३४३। भुक्तानी हुने देखिन्छ। जिल्ला दर प्रयोग गर्दा रु. ५५०४२८। बढी ज्याला भुतानी भएको देखिन्छ।

**९७ सामाजिक सुरक्षा-**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए

सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले ग्लोबल आइ एम् इ बैक, नेपाल बैक र मुक्तिनाथ विकास बैक बाट सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ।पालिकाले चार वटै त्रैमासिकको सामाजिक सुरक्षा भत्ता इ.एफ.टी बाट पठाएको पाइयो। इ.एफ.टी गर्दा विभिन्न कारणले बसाइ सराइ र मृत्यु भएकाको खातामा बचत भएको रकम यकिन हुने कागजात नदेखिएकाले सो यकिन गरी बाँकी रकम फिर्ता गर्नु पर्दछ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : बागचौर नगरपालिका, सल्यान , बागचौर नगरपालिका , सल्यान

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | अनन्त कुमार गौतम | २०७९-६-२ | २०८०-९-११ |
| कार्यालय प्रमुख | हरी बहादुर कठायत | २०८०-९-१६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | प्रदीप डि सी | २०७८-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३९०,७६७ | १६,००७,५१४ | ५,६७२,४९५.१ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २२,०७०,७७६.१ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | १,९९५,७६७ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २०,०७५,००९.१ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ६९६३४३५८.२३ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ५५४३०१९४९.६ | चालु खर्च | ५८१४६०२३९.६ |
| प्रदेश सरकारबाट अनुदान | ४८१३७४६४ | पूँजीगत खर्च | १७७३८५०४५.०३ |
| राजश्व बाँडफाँट | ९९५७८९४४.१८ | वित्तीय/अन्य व्यवस्था | ९०२६९०६.९८ |
| आन्तरिक आय | ९३५६७५१.६ | | |
| अन्य आय | ९६१६२८०.७१ | | |
| कुल आय | ७२०९९१३९०.०९ | कुल खर्च | ७६७८७२१९१.६१ |
| बाँकी मौज्दात | | २२७५३५५६.७१ | |

# अनुसूची - २

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वियन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- स्थानीय तहले आन्तरिक लेखापरीक्षण गराउनुपर्दछ ।
- पालिकामा निर्माणाधीन कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ ।